नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily



राजेश्वर नेपाली
पृष्ठ ६ मा

वर्ष १ | अंक ६३ | २०७९ साल पुस २७ गते बुधवार | Wednesday 11, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# मुख्यमन्त्रीका लागि आज दाबी पेश गरिने

## लोसपा समेतको ७ दलीय सरकार गठनको तयारी



मधेशदृष्टि
जनकपुरधाम, २६ पुस । मधेश प्रदेशको मुख्यमन्त्रीका लागि जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेता सरोज कुमार यादवले सत्ता साझेदार दलको समर्थनमा बुधवार दाबी पेश गर्ने भएको छ।
नेता यादवले ६ दल र स्वतन्त्र सांसद सहित ६३ जनाको समर्थन सहितको दाबी पेश गर्ने बुझिएको छ । उनको पक्षमा यो समाचार लेख्दासम्म ६३ जना प्रदेश सभाका सदस्यहरुले हस्ताक्षर गरेका थिए । प्रदेश प्रमुख हरिशंकर मिश्रले मधेश प्रदेशमा कुनै दलको एकल बहुमत नभएको भन्दै नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम पुस २८ गतेसम्म सरकारका लागि दुई वा सो भन्दा दल सहितको दाबी पेश गर्न आह्वान गरेको थियो । सो आह्वान बमोजिम एक दिन अगावै जसपाबाट समर्थन गरेका प्रदेश सभा सदस्यहरूको हस्ताक्षर सहितको पत्र लिएर बुधवार पेश गर्ने नेता यादवले बताएका छन् ।
मधेश प्रदेश सभामा रहेका १०७ सदस्यमध्ये हालसम्म जनता समाजवादी पार्टीका संसदीय दलका नेता यादवलाई मुख्यमन्त्रीका लागि समर्थन गर्दै हालसम्म ६३ भन्दा बढी प्रदेश सभाका सदस्यहरुले हस्ताक्षर गरिसकेका छन् । मंगलवार नै दाबी पेश गर्ने भनिएपनि लोसपालाई समेत सरकारमा सहभागी गराएर समर्थन लिन बुधवारको लागि मिति सारिएको बताइएको छ।
सरकार गठनका लागि ५४ जनाको समर्थन आवश्यक रहेकोमा मधेश प्रदेशमा तेस्रो ठूलो दलको रुपमा रहेको जसपाका १६ जना, नेकपा एमालेका २३ जना, जनमत पार्टीका १३ जना, नेकपा माओवादीकेन्द्रका८जना,नागरिक उन्मुक्ति - बाँकी पृष्ठ ६ मा

### मन्त्रालय बाँडफाँड अन्तिम चरणमा

मुख्यमन्त्री पदका लागि समर्थन सगै सत्ता साझेदार दलबीच मन्त्रालय बाँडफाँड पनि अन्तिम चरणमा रहेको छ । मंगलवार सरकार गठनमा समर्थन गर्ने सत्ता साझेदार दलबीच मन्त्रालय बारे समेत छलफल भएको बुझिएको छ। जसपा पार्टी श्रोतका अनुसार मन्त्रालय बाँडफाँडमा कुन दले कुन मन्त्रालय पाउने बारे अनौपचारिक बैठकबाट मोटामोटा सहमति भएपनि औपचारिक हुन सकेको छैन । ती श्रोतले जनाए अनुसार जसपाले मुख्यमन्त्री सहित ३ मन्त्रालय, एमाले २, माओवादी केन्द्र २, जनमत पार्टी २ र नागरिक उन्मुक्ति तथा राप्रपाले एक/एक वटा मन्त्रालय लिने सहमति भएको हो । लोसपालाई समेत सरकारमा सहभागी गराउने कुरा भइरहेको कारण कसले कुन मन्त्रालय पाउने टुंगो लागेको छैन।
लोसपा दलीय नेताका दाबेदार अभिराम शर्माले केन्द्रमा सरकारलाई समर्थन गरेको कारण प्रदेशमापनि समर्थन गर्ने र सरकारमा जाने बारे कुराको निष्कर्षमा पार्टी पुगेको छ । तर औपचारिक निर्णय बुधवार ११ बजेबस्ने पार्टीको बस्ने बैठकबाट गरिनेछ। प्रदेश सरकारमा सहभागी हुन लोसपालाई औपचारिक पत्र पठाइएको बारे उनले पत्र त आएको हो, तर निर्णय चाहिं बैठकबाट गरिनेछ।
यसअघि सत्ता साझेदार दलबीच जसपाले मुख्यमन्त्री, अर्थ मन्त्रालय र महिला बालबालिका तथा खेलकुद मन्त्रालय, जनमत पार्टीले भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग जसपा मुख्यमन्त्री अर्थ, एमालेले भौतिक पुर्वाधार विकास मन्त्रालय र खानेपानी तथा उर्जा विकास मन्त्रालय, माओवादी केन्द्र गृह तथा सञ्चार र सामाजिक विकास र राप्रपा तथा नागरिक उन्मुक्तिले एक/एक मन्त्रालय पाउने गरी तयारी थियो । लोसपा पनि सरकारमा आउने भएपछि त्यसलाई समेत मन्त्रालय दिनुपर्ने भएकाले पछिल्लो सहमति अनुसार थपघट हुन सक्नेछ। लोसपाको समर्थनका लागि मंगवार दाबी पेश नगरिएको ती श्रोतको भनाई छ । जसपा, जनमत र एमालेबाट मन्त्रालय हेरफर र कटा गरी लोसपालाई दिने तयारी रहेको बुझिएको छ।

# इतिहासमै सबैभन्दा बढी मत पाए प्रम प्रचण्ड

## पक्षमा २६८
## विपक्षमा मात्रै २ मत




मधेशदृष्टि
जनकपुरधाम, २६ पुस । नेपालको संसदीय इतिहासमै सबैभन्दा बढी सांसदको विश्वासको मत नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पाएका छन् ।
संविधानको धारा ७६ को उपधारा २ अनुसार नियुक्त भएका प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान उनी प्रतिनिधिसभामा मंगलबार भएको मतदानमा प्रचण्डले विश्वासको मत प्राप्त गरेका हुन् ।
प्रधानमन्त्री प्रचण्डले विश्वासको मतको प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा २६८ मत पाएको सभामुखको हैसियतमा रहेका जेयष्ठ सदस्य पशुपति शमशेर राणाले घोषणा गरे । यस्तै दुई सांसदले विपक्षमा मत दिए। मतदानमा २७० सांसद उपस्थित थिए ।
२७५ सदस्यीय प्रतिनिधिसभामा मनाङबाट निर्वाचित कांग्रेस सांसद टेकबहादुर गुरुङ निलम्बनमा छन् । १२ दल र स्वतन्त्रसहित बाँकी २७४ मा नेपाल मजदूर किसान पार्टी र राष्ट्रिय जनमुक्ति मोर्चा बाहेक ११ दल र स्वतन्त्र सहितका सांसदले प्रचण्डलाई विश्वासको मत दिएका छन् । प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त हुँदा समर्थन नगरेका नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादीले पनि विश्वासको मत दिएका छन् ।
संसदमा प्रचण्डको पक्षमा नेपाली कांग्रेसको ८८, नेकपा एमालेको ७९, माओवादी केन्द्रको ३२, रास्वपाको २०, राप्रपाको १४, जसपाको १२, नेकपा एसको १०, जनमत पार्टीको ६, नागरिक उन्मुक्तिको ४, लोसपाको ४, आम जनता पार्टीको १ र स्वतन्त्र २ सांसद रहेका छन् । कांग्रेसका सांसद टेकबहादुर गुरुङ निलम्बित भएकाले मतदान गर्न पाएका छैनन् ।
कांग्रेसले प्रधानमन्त्री नदिएपछि प्रचण्डले पाँचदलीय गठबन्धन फुटाएर एमाले नेतृत्वको कित्तामा उभिएका थिए । तर, अहिले प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिने पक्षमा कांग्रेस स्वम् उभिएको छ । कांग्रेस भित्र विरोध भएपनि, दलको नेता शेरबहादुर देउवाले ह्यीप जारी गरेपछि उनीहरु पनि बाध्य भएका मत दिन बाध्य भएका थिए ।
सबैको समर्थनले जिम्मेवारी थपियो : प्रचण्ड
विश्वासको मत लिदैं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सबै दलको समर्थन पाएपछि आफूलाई अपार चुनौती र जिम्मेवारी थपिएको महसुस भएको बताए ।
प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले प्रतिपक्ष दलको पनि समर्थनले आफूले असाधारण मत पाएको बताए । सबैको समर्थनपछि जनताको लागि गरेको प्रतिबद्धता कार्यान्वयमा निकै ठूलो अवसर पाएको उनले भने । उनले भने, 'मैले समग्रमा जे अपिल गरे । त्यसको निकै नै सकारात्मक जवाफ प्राप्त भएको छ । म सबैलाई आभार व्यक्त गर्न चाहन्छु ।'
अहिले सत्ता साझेदार दलहरू निश्चित नीति र कार्यक्रम नै एकताको आधार भएको बताए । अहिलेको जनमतको आधारमा अहिलेको सरकार बनेको उल्लेख - बाँकी पृष्ठ ६ मा

# किन ब्रेक लाग्यो राउतको पुन: मुख्यमन्त्री बन्ने सपनामा



मधेशदृष्टि
जनकपुरधाम, २६ पुस । जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेस प्रदेशको दलको नेतामा निवर्तमान सभामुख सरोज यादव चयन भएसंगै मुख्यमन्त्री लालबाबु राउतको पुनः मुख्यमन्त्री बन्ने सपनामा 'ब्रेक' लागेको छ।
मुख्यमन्त्री राउत पुनः दलको नेता भई मधेस प्रदेशको मुख्यमन्त्री बन्ने दाउमा रहेको थियो। तर आफ्नै पार्टीका सरोज यादवले उनको सपनामा ब्रेक लगाएका छन । दलको नेतामा चुनिएसँगै यादव मुख्यमन्त्री बन्ने लगभग निश्चित भइसकेको छ । केन्द्रकै राजनीतिक समीकरण अनुसार मधेस प्रदेशमा राजनीतिक समीकरण अघि बढ्ने निश्चित देखिएपछि जसपा दलको नेता चयनमा सकस बनेको थियो । प्रदेश कमिटी र पार्टी अध्यक्ष समेतले सहमतिमै दलको नेता चयन गर्न प्रयास गरे पनि सहमति हुन नसकेपछि निर्वाचन प्रक्रियामा गएको थियो।
निर्वाचनका लागि मुख्यमन्त्री राउतले उम्मेदवारी समेत दर्ता गराए । मधेस प्रदेशमा १६ सांसदसहित तेस्रो र निर्णायक दल रहेको जसपामा दलको नेता बन्न राउत र यादवबीच चुनावी प्रतिस्पर्धा हुने तय नै थियो । तर अन्तिम समयमा पार्टीका सांसदहरुको साथ नपाउने देखेपछि राउत 'ब्याक' हुन बाध्य भए । यसअघि पुस २१ र २२ गते जनकपुरधाममा दलको नेता चयन गर्न गठित समितिको बैठक निरन्तर चल्यो । तर, आकांक्षी बढी देखिएपछि समितिले दलको नेता चयन गर्न सकेन । त्यसपछि पार्टी अध्यक्ष उपेन्द्र यादवलाई नेता चुन्ने अधिकार दिइयो । तर यादवले - बाँकी पृष्ठ ६ मा






# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा व्यापक अनियमितता

मुकेश कुमार यादव
सिरहा, २६ पुस । सिरहाका एक समुदायीक विद्यालयमा भवन निमार्ण कार्यमा अनियमितता गरिएको पाईएको छ ।



जिल्लाको गोलबजार नगरपालिका ९ स्थित जनता माध्यमीक विद्यालयमा गरिएको ४ कोठे भवन निमार्ण कार्यमा व्यापक अनियमितता गरिएको पाइएको हो ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अर्तगत ४ कोठे पक्कि भवन निमार्ण कार्यमा प्रधानाध्यापक सुरेन्द्र सिंहले प्राविधिकको स्टिमेट भन्दा बढीको काम विद्यालयको आन्तरिक कोषको रकम निकासा गरी भवन निमार्णको नाममा अनियमितता गरिएको स्थानियहरुले आरोप लगाएका छन् । गत आव ०७७/०७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अर्न्तगत ४ कोठे भवन निमार्ण कार्यमा रकम अपुग भएको भन्दै प्र.अ.सिंहले विद्यालयको निजी कोषमा रहेको रकम मनोमानी निकालेर अनियमितता गरेको स्थानीय अभिभावकहरुको आरोप छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट प्राप्त जनसहभागीता सहित ३९ लाख ६० हजार रकमले भवन निर्माण सम्पन्न गर्न अपुग भएको भन्दै प्रधानाध्यापकले विद्यालयको निजी खातामा रहेको १३ लाख रकम विना निर्णय चलाएको नाम नबताउने सर्तमा स्थानीय एक अभिभावकले बताए ।

भवन निमार्णकार्यको लागी विद्यालयले अभिभावक भेला गराई नामकै लागी निमार्ण समित गठन गरी काम भने प्रअ आफैले गरेको निमार्ण समितिका सदस्य सन्तोष सिंहले जनाएको छ ।

प्रअले मनोमानी ढङ्गले काम गरेको निर्माण समितिका सदस्य समेत रहेका सन्तोष सिंहले बताए । उनले भने, 'निर्माण समिति गठन भएपनि काम सुरु गरेदेखि अहिलेसम्म कुनै खोजतलास गरेको छैन, प्रअले आफ्नो ढङ्ले काम गराईरहेको छ ।'

सन्तोषले आफूले कसरी यतिधेरै रकम खर्च भया भनी प्रअलाई सोध्दा उनले 'काम हुँदै गयो, पछि हिसाब गर्दा धेरै खर्च भएको देखिएकोले विद्यालयको कोष रकम खर्च भएको हो ।'

सन्तोषले प्रअले व्यक्तिगत स्वार्थका कारण विद्यालयको कोषको रकम निर्णय विना नै चलाएकोले अनियमितता भएको आसंका व्यक्त गरे । प्रअ सुरेन्द्र सिंहले साथीहरुको सहमतिमै भवन निर्माण भएको हो । 'सवैको सहमतिमा थप काम सहित भवन निर्माण भएको छ, मैले साथीहरुको विश्वासमा काम गरें, अहिले आएर विमतिहरु देखिएको छ ।' उनले भने, 'मैले लिखित गर्नुपर्ने थियो । तर, साथिहरुको विश्वासमा काम गरें अहिले समस्या देखिएको भन्दै प्राविधिक मूल्याङ्कन भएको छैन, मूल्याङ्कनले तलमाथि देखाए साथीहरुसँग सल्लाह गरेर मिलाउनु पर्छ ।' विद्यालयले गरेको अघिल्लो कामको फरफारक नभएपनि यस विद्यालयमा थप चारकोठे भवन निर्माणको लागि ४५ लाख रकम परेको छ । चालु ७९/८० मा पालिकाले नगरभित्रका १३ वटा विद्यालयको २/४ कोठे भवन निमार्णको लागी सिफारिस गरेको जस मध्येय ४ वटा विद्यालयमा भवन र ३ वटा विद्यालयमा आइसिटि कार्यक्रम परेको शिक्षा शाखा अधिकृत सुवोध लामाले जनाएको छ । उनले भने, 'हामीले सिफारिस गर्ने हो,विभागले विद्यालयको नाम कोड गरैरै पठाउने गरिन्छ,। विल भरपाई फरछ्यौट नगरेकै विद्यालयलाई कार्यक्रम पुनः कसरी परेको विषयमा शिक्षा शाखा अधिकृत लामाले, ' आफुसंग पहिलाको कुनै अभिलेख नरहेको भन्दै पन्छिन खोजे । तर ,मागँ गरेको मध्येय गत आर्थिक वर्षमा कामगरी विल भरपाई फरछ्यौट नगरेकै विद्यालयलाई पुनः भवन निमार्णको काम परेको देखिन्छ । गत आ.व.७७/७८ मा जन समुह आधारभुत विद्यालय गुरुधाम,आ.वि. धर्मपुर,दलित आ.वि.मुक्सारलाई २ कोठे भवन र जनता मा.वि चन्द्रोदयपुर लाई चार कोठे भवन परेको थियो।

पहिले काम गरेको फरफराक नगरेपनि पटक-पटक एउटै विद्यालयमा कार्यक्रम पर्नाले पावर, पहुच, र पैसाको सेटिङ रहेको जानकारहरु बताउछन् ।

# नगरप्रमुखकै घरमा डोजर चलाएर अतिक्रमित बाटो खाली गर्न सुरु

घनश्याम बलम्पाकी
सर्लाही, पुस २६
मलंगवा नगरपालिकाका नगरप्रमुखको घरमा पहिलो डोजर चलाएर सडकको अतिक्रमण खाली गर्न सुरु गरिएको छ ।




स्थानीयले सडकको १५ मिटरभित्र पर्ने घर तथा अन्य संरचना भत्काउन आनाकानी गर्दा लामो समयदेखि सडक विस्तार तथा निर्माणको काम ठप्प रहेको थियो । मंगलवार दिउँसो नगरप्रमुख नागेन्द्रप्रसाद यादवकै घरमा डोजर चलाइ सडकभित्र पर्ने संरचना भत्काइएको हो । मलंगवास्थित जिल्ला समन्वय समिति (साबिक जिविस) चोकदेखि बसपार्कसम्मको सडक यसअघि नै १५ मिटर कायम गरी ढलान गरिसकिएको छ। तर, त्यहाँदेखि अगाडि भने घर भत्काउनेक्रममा विवाद हुँदा काम रोकिएको थियो । नगरप्रमुख यादवले कृष्णामति माध्यमिक विद्यालयदेखि नेपाल बैंक, पुरानो भन्सार कार्यालय हुँदै राजश्री सिनेमा हलसम्मको सडकमा पर्ने घर तथा अन्य संरचना भत्काउन दुईवटा डोजर प्रयोग गरिएको जानकारी दिए। घर भत्काउन डोजर लगाइएपछि स्थानीयबाट हुन सक्ने अवरोधलाई मध्यनजर गरी ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ। सडकको 'साइड क्लियर' भएपश्चात ठेकेदारमार्फत सडक निर्माणको काम अघि बढाइने नगरप्रमुख यादवले बताएको छ।

नगरप्रमुख यादवले मंगलवार दिउँसो नगरपालिका कार्यालयमा पत्रकार सम्मेलन गरी सडक निर्माणको कार्यमा सहयोग गरिदिन सबैसँग आग्रह समेत गरेका छन् ।

सदरमुकाम अनि त्यसमाथि जिल्लाकै निकै पुरानो र पहिलो नगरपालिका भएर पनि मलंगवाको सडक, नालालगायत अन्य क्षेत्रमा विकास हुन नसकेको भन्दै आलोचना हुने गरेको छ। जिविस चोकदेखि बसपार्कसम्मको सडक निर्माण पूरा हुँदा आवतजावतमा केही सहजता भएको छ।

तर, त्यहाँ भन्दा अगाडिदेखि भने सडक अत्यन्तै साँघुरो र त्यसमा पनि सडकमै फुटपाथ पसल राख्दा पैदल यात्रुलाई हिँड्डुल गर्न र सवारी चालकलाई सवारी संचालन गर्न अप्ठेरो हुँदै आएको छ।

## डेढ महिनादेखि ठप्प नगराइन

# जेष्ठ नागरिक पनि आन्दोलनमा

मधेशदृष्टि
जनकपुरधाम, २६ पुस । नगराईन नगरपालिका विगत डेढ महिनादेखि बन्द रहेको छ । नगरपालिका का मेयर र उपमेयर विचको आपसी विवादका कारण कार्यालय बन्द भएपछि नगरभित्रका ८ हजारभन्दा बढी विद्यार्थीहरु नियमित परीक्षाबाट बञ्चित भएका छन् ।

स्थानीयहरुका अनुसार नेता विमलेन्द्र निधीको इशारामा मेयर र सांसद जुली महतोको इशारामा उपमेयर चलेको कारण नगरपालिका अनिर्णयको बन्दी बनेको हो । जनप्रतिनिधिको आपसी विवाले महिनौदेखि तलबभत्ता नपाएको भन्दै नगरालिकाका शिक्षक तथा कर्मचारीहरु कामकाज ठप्प गरेर डेढ महिनादेखि आन्दोलनमा छन् । पठनपाठनको माग गर्दै विद्यार्थीहरु समेत केही दिन आन्दोलन गरेका थिए । अब वृद्धवृद्धा समेत आन्दोलनमा उत्रेका छन् । समाजिक सुरक्षा भत्ता पाउनुपर्ने माग गर्दै जेष्ठ नागरिकहरु आइतबारदेखि आन्दोलनमा थालेका छन् ।

आन्दोलन थालेको ३५ दिन भन्दा बढी हुँदा समेत मेयर र उपमेयरले समस्या समाधान गर्न चासो नदिएको स्थानीयको गुनासो छ । कयौं पटक छलफलमा समेत दुबै तर्फ बस्दा समेत कुनै निष्कर्ष निकाल्न नसकेको शिक्षिका निशा मिश्रले बताइन् ।



पालिकामा ५० जना जनप्रतिनिधिहरु छन् । जसमध्ये २७ जना नेकपा एमालेका हुन् । नेकपा एमालेका जनप्रतिनिधिहरुले ५ बुदे माग राख्दै परिषद् बहिष्कार गरेका थिए। नेपाली काँग्रेससँग पनि २३ जना जनप्रतिनिधि छन् । यस्तै, १९ जना कार्यपालिका सदस्यमा १३ जना एमालेका र पाँच जना मात्रै नेपाली काँग्रेसका छन् भने एक जना लोसपा नेपालका छन् । लोसपाका जनप्रतिनिधि काँग्रेसलाई नै सर्मथन गरेका थिए ।


एमालेका जनप्रतिनिधिहरुले उपभोक्ता समिति गठन सम्बन्धी विगतमा बनाइएको कार्यविधि संशोधन हुनुपर्ने, आय व्यय प्रस्तुत गर्नुपर्ने, पालिकाको प्रवक्ता बहुमतको अधारमा तोक्नु पर्ने, न्यायिक समितिलाई अधिकार सम्पन्न बनाउनु पर्ने र मल खाद्य वितरण उपप्रमुखको नेतृत्वमा हुनुपर्ने माग राखेका छन् ।

विवादले हालसम्म नगर सभा नहुँदा तलब, वृद्ध भत्ता, खोप सञ्चालन जस्ता समस्या उत्पन्न भएको छ । नगर क्षेत्र भित्रका १८ वटा विद्यालयका शिक्षकहरुसहित, स्वास्थ्य सेवाका कर्मचारीले गत साउनदेखि तलब पाएका छैनन् । तलब नपाउँदा कर्मचारीहरुले मंसिर १८ गतेदेखि आन्दोलन सुरु गरेका थिए

स्वास्थ सेवाका कर्मचारीहरु पनि तलब नपाएको भन्दै आन्दोलनमा उत्रिँदा वडा कार्यालय र पालिका मातहतका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरु रोकिएका छन्। जसकारण १५ महिना मुनिका बच्चाहरुले पाउनुपर्ने नियमित खोपहरु पनि पाएका छैनन्। खोप कार्यक्रम बिगत २ महिनादेखि बन्द रहेको छ । नगरपालिकाको कामकाज मंसिर १८ गतेदेखि नै पूर्ण रुपमा ठप्प छ । स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रसबाट मेयरमा विनय कुमार यादव र नेकपा एमालेबाट उपमेयर राधा देवी यादव जितेका थिए ।

# सडकमा रहेको टहरा हटाउन मेयरको आग्रह






आरके श्रीवास्तव
गरुडा,२६ पुस । रौतहट जिल्लाको कटहरिया नगरपालिकाले सार्वजनिक सडक खाली गर्न आग्रह गरेको छ । नगर प्रमुख अजयप्रकाश जयसवालले सोमबार एक सुचना जारी गरी यस्तो आग्रह गरेका छन । नगर प्रमुख जयसवालद्धारा जारी गरिएको सूचनामा नगरभरिको सम्पूर्ण वडाहरुको सार्वजनिक सडकमा घर,टहरा,गुम्ती,नादी आदि बनाइ राखेको उक्त बस्तुहरु हटाउन अनुरोध गरिएको छ ।

आम नागरिकहरुलाइ सडकमा आवत जावत गर्न कठिनाइ भइरहेको हुँदा उक्त मालसामान ३५ दिन भित्र हटाइ खाली गरीदिन सम्बन्धित सबैमा जानकारी गराइएको छ । तोकिएको हद म्याद सम्म उक्त सडकमा राखिएको मालसामान नहटाईए नेपाल सरकारको प्रचलित ऐन,कानुन अनुसार हुने व्यहोरा समेत सूचना मार्फत जानकारी गराइएको छ ।

यस्तै नगर प्रमुख जयसवालद्धारा नगरभरिको सबै वडा कार्यालयमा विधुत पोल वितरण सम्बन्धमा पत्र काटेको छ ।

कटहरिया नगरपालिकाको नगर क्षेत्रभरि विधुतको पहुँच पुर्याउने उदेश्यले नगरपालिकाको वडा नम्बर १ देखि ९ सम्म आवश्यक पर्ने विधुत पोलको संख्या त्याहा वडा कार्यालय बाट प्रमाणित गरी सात दिन भित्र नगरपालिकामा पेश गर्न अनुरोध गरिएको छ ।

# अस्पतालकै लापरवाहीले मुखीयाको ज्यान गएको पिडितको दावी

डम्बर राई
कञ्चनरुप,२६ पुस । सप्तरीको महादेवा गाउपालिका ४ बस्ने महेश्वर मुखियाको पत्नीको अस्पतालको लापारवाहीका कारण ज्यान गएको आरोप लगाएका छन् । ५५ बर्षिया धनेश्वरी देवी मुखियाको विराटनगर स्थित श्री अस्पताल प्रालीमा उपचार गराई घर ल्याए लगत्तै उनको मृत्यु भएको हो । मंगलवार दिउँसो सवा १२ बजेको समयमा मुखियाको मृत्यु भएको पिडित देवेन्द्र मुखियाले बताए । अस्पतालमा मृतक मुखियाको पाठेघरको शल्यक्रिया गराएर घर ल्याए लगत्तै स्वास्थ्यमा समस्या देखिएपछि राजविराज स्थित छिन्नमस्ता अस्पतालमा उपचार गराई त्यहाँ उपचार सम्भव नदेखिएकोले पूनः सोही अस्पताल पुर्याएर भर्ना गराएको पिडितका आफन्तले बताए ।

भर्ना भएको चार दिनपछि घर लैजान भन्न थाले पिडित पृथवी कुमार मुखियाले भने,"उपचारै भएको छैन कसरी लाने ? यस्तो प्रश्न गर्दा उपचारका लागि डाक्टर काठमाण्डौबाट झिकाउनुपर्ने हुन्छ अहिले त्यो सम्भव छैन भन्दै अस्पताल प्रशासन शाखाले दवाव दिए ।" आफुलाई चित्त नबुझेर विरामीलाई उपचार नगराई नलैजाने भनेपछि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान सुनसरी रेफर गरेको थियो । घोपामा तीनदिन राखेर उपचार नहुने बताएपछि सोमवार घर ल्याइएको पिडित देवेन्द्र मुखियाले गुनासो पोखे । त्यहाँबाट उपचार नहुने भन्दै सोमवार डिस्चार्ज गरेको थियो । मंसीर १४ गते अस्पतार पुगेकी मुखियालाई पाठेघरको शल्यक्रिया गर्नुपर्छ भनेर पुष १ गते समय दिइएको थियो । पुस १ गते अस्पतालमा भर्ना भएकी मृतक मुखियाको ०२ गते शल्यक्रिया गरी ६ गते डिस्चार्ज गरेको थियो । घरमा उनलाई समस्या हुदै आएपछि राजविराज पुर्याएता पनि जहाँ शल्यक्रिया गरेको त्यहि लैजान सल्लाह दिइएको कुरा मृतकका छोराले बताए । दोस्रो पटक १८ गते देखि २२ गतेसम्म सोही अस्पतालमा राखेर धरान घोपा लगिएको थियो । २०७७ सालको जेष्ठ महिनादेखि नै बन्द रहेको सो अस्पताल २०७९ भदौ १९ गतेबाट पूनः संचालनमा आएको हो । अस्पताल प्रशासनको अनुसार कोभिड १९ को महामारीमा विरामीको समयमा अन्य विरामीको चाप न्युन हुदै गएपछि विराटनगर महानगरपालिका ९ अस्पताल चौक स्थित शिवमार्गमा रहेको यस अस्पताल बन्द गरिएको थियो ।

# संचारक्षेत्रलाई औपचारीक रुपमा मात्र हेरीएको:बस्नेत

मुकेश यादव
सिरहा, २६ पुस । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सरकारले संचारक्षेत्रलाई औपचारीक रुपमामात्र हेर िरहेको आरोप लगाएका छन ।

सिरहाको गोलबजारमा काउन्सिलद्वारा आयोजित 'पत्रकार आचारसंहिता, मिडिया विकासकोष र पत्रपत्रिका वर्गिकरण'सम्वन्धि अन्तकृया कार्यक्रममा बस्नेतले नेपालमा भएका हरेक राजनीतिक परीवर्तनको आन्दोलनमा संचारमाध्यमको महत्वपूर्ण योगदान रहेपनि संचार सरकारको प्राथमिकतामा नपरेको बताए । परिवर्तनका सवैखालको आन्दोलनमा संचारको महत्वपूर्ण भूमिका रहँदै आएको बताउँदै अध्यक्ष बस्नेतले भने, 'पत्रकार सधै परीवर्तनको पक्षमा रहन्छ, तर सरकाले संचारमाध्यमलाई प्राथमिकतामा राखेको देखिनन् ।'

सोही क्रममा अध्यक्ष बस्नेतले पत्रकारीताको विकास विना देश विकास नहुने जिकिर गरे। उनले भने, 'पत्रकारीताको विकास विना समाज, देश, जनताको विकास र समृद्धि सम्भव छैन, पत्रकारीता पनि देश विकासको एउटा खम्वा हो।'

पत्रकार जनताको प्रतिनिधी, अधिकारकर्मी भएको अध्यक्ष बस्नेतले जिकीर गरे। उनले भने, 'जनताको हरेक दुख, पीडा, खुसिमा साथ रहने पत्रकार जनताका प्रतिधी हुन्, जनताको अधिकारप्राप्तीको निम्ति कलम चलाउने पत्रकार अधिकारकर्मी पनि हुन्।'

सोही क्रममा उनले प्रविधिको विकाससँगै नेपालमा पत्रकारीतामा ठूलो फड्को मारेपनि विश्वसनियतामा कमि आएको बताए। पत्रकारहरुले आफ्नो व्यसायलाई मर्यादित र सम्मानित बनाउन विश्वासनियता कायम गर्नुपर्नेमा जोड दिए। उनले पत्रकारीतालाई विश्वसनिय बनाउन नेपाल पत्रकार महासंघले पहल थाल्नु पर्ने औंल्याए । सोही क्रममा रामप्रसाद दहालले अनलाई संचारमाध्यम वर्गिकरणको लागि महासंघले सरकारलाई दवाव दिनेगरी आवाज उठाउनु पर्ने बताए। उनले अनलाईन संचारमाध्यमलाई वर्गिकरणमा लाने विषयमा चर्चा चलेपनि सरकारलाई दवाव दिनेगरी कार्यक्रमको आवश्यकता रहेको बताए।

सिरहाका संचारकर्मीहरुले आचारसंहितासँगै पत्रकारहरुको आयआर्जनमा पनि वृद्धिगर्ने खालका कार्यक्रमहरु ल्याउनुपर्ने बताए। उनीहरुले सिंहदरबारबाट शक्ति बाँफाडभएर स्थानीयतहसम्म आएपनि मिडियाको अवस्था फरक रहेको बताए।

उनीहरुले स्थानीय विज्ञापनहरुमा पनि काठमाडौंबाट चलेका संचारमाध्यमकै बोलबाला रहेकाले यसलाई स्थानिय मोफसरका संचारमाध्यम धरापमा परेको बताए। मोफसलका संचारमाध्यमक बचाउने हो भने, स्थानीय स्रोतसाधनमा पहुचपुग्ने व्यवस्था मिलाउन काउन्सिलसँग आग्रह गरे।

नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सिरहाका पत्रकार अर्जुन थपलिया, रामबाबु यादव, जिल्ला सचिव शिवदयादल यादव लगायतले सुझाव र जिज्ञासा राखेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# लोसपाको दलीय नेतामा शर्माको प्रस्ताव



मधेशदृष्टि
जनकपुरधाम, २६ पुस । लोकतान्त्रिक समाजवादी पार्टी नेपालको संसदीय दलको नेतामा मधेस प्रदेशसभा सदस्य अभिराम शर्माको नाम प्रस्ताव गरिएको छ ।

पार्टी अध्यक्ष महन्थ ठाकुरसमक्ष लोसपाका ५ जना प्रदेशसभा सदस्यहरुले शर्मालाई दलको नेता बनाउन प्रस्ताव गरेका हुन् । शर्मालाई संसदीय दलको नेता बनाउन शर्मासहित प्रदेशसभा सदस्यहरु रानी शर्मा तिवारी, रमेश प्रसाद कुर्मी, रूपा यादव र उपेन्द्र महतोले सांयुक्त प्रस्ताव गरेका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टीको मधेस प्रदेश संसदीय दलको नेतामा अभिराम शर्मा चयनका नाम सिफारिस गरिएको पार्टीकै प्रदेशसभा सदस्य रानी शर्मा तिवारीले जनाएकी छन् ।

प्रदेशसभामा ९ जना सांसद रहेको लोसपामा ५ जना सांसदको समर्थन भएपछि उनी नेतामा चयन भएको तर औपचारिक निर्णय हुन बांकी रहेको प्रदेशसभा सदस्य तिवारीको भनाइ छ ।

औपचारिक रुपमा दलको नेता चयन गर्न जनकपुरधाममा लोसपा सांसदहरुको बैठक बस्ने भएपनि 'हामी काठमाडौं पुगेर अध्यक्ष महन्थ ठाकुरसँग छलफल गरेर शर्मालाई संसदीय दलको नेता चयन गरेका हौं,' उनले भनिन्, 'यस विषयमा अध्यक्षले समेत सकारात्मक प्रतिक्रिया दिए ।'

लोसपा दलको नेतामा प्रदेशसभा सदस्य जितेन्द्र सोनल आकांक्षी थिए ।

तर आफ्नो पक्षमा बहुमत नभएपछि उनी दलको नेता बन्न बञ्चित भएका हुन् ।

# सुरक्षा निकायलाई प्रदेश सरकारले दिए २४ वटा मोटरसाइकल



मधेशदृष्टि
जनकपुरधाम, २६ पुस । मधेश प्रदेशका ८ जिल्लामा रहेका सुरक्षा निकायहरूलाई २४ थान मोटरसाइकल प्रदेश सरकारले दिएका छन् ।

प्रदेश सरकारका गृह तथा सञ्चार मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/०८० मा ६४ लाख किनिएको २४ थान मोटरसाइकल नेपाल प्रहरीका विभिन्न जिल्लाका प्रहरी चौकी, सशस्त्र प्रहरीका विभिन्न पोष्ट तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई दिएका हुन् ।

मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले एक कार्यक्रमका बीच हस्तान्तरण गरेका छन् । मोटरसाइकल हस्तान्तरण गर्दै गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साहले शान्ति सुरक्षा, विपत व्यवस्थापन तथा सहिद परिवार एवं घाइतेहरूलाई राहतसहितको कामकाज मन्त्रालयले पहिलो प्राथमिकतामा राखेर काम गर्दै आएको बताए ।

मधेश प्रदेशका गृह तथा सञ्चार राज्यमन्त्री रुवी कुमारी कर्णले प्रहरीले पाएको सवारी साधनबाट शान्ति, सुरक्षा तथा जनताको जीउ धनको रक्षा गर्न मद्दत पुग्ने बताए । मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्रालयका सचिव रामकुमार महतोले शान्ति सुरक्षा तथा विपत व्यवस्थापनमा सुरक्षा निकायहरूलाई विभिन्न प्रकारको सहयोग गर्दै आएको बताउँदै न्यानो कम्बल वितरणका लागि ८ जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा ८ लाखको दरले रकम दिएको जानकारी दिए । कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि मण्डल, नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक मसाउद खान, सशस्त्र प्रहरीका नायव महानिरीक्षक गणेश ठारा मगरले मन्त्रालयबाट प्राप्त भएको सवारी साधनबाट प्रहरीलाई गस्ती गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे ।


# मापदण्ड विपरित सञ्चालित सर्लाहीका ८ क्रसर उधोग बन्द

घनश्याम बलम्पाकी
सर्लाही, पुस २६
गृह मन्त्रालयको निर्देशनपछि मापदण्डविपरीत संचालित सर्लाहीका आठवटा क्रसर उद्योग बन्द गराइएका छन् ।

आठमध्ये पाँचवटा उद्योग बागमती नगरपालिकाभित्रका रहेका छन् भने तीनवटा बरहथवा नगरपालिकामा छन् । मन्त्रालयले मापदण्ड मिचेर संचालनमा रहेका क्रसर उद्योग र बालुवा प्रशोधन केन्द्र तत्काल बन्द गराउन निर्देशन दिएपछि प्रोसेसिङ बागमती, हरिओम एग्रिगेट इण्डस्ट्रीज बागमती, एलिट एग्रिगेट प्राली बागमती, भिजनरक एण्ड सप्लायर्स वासिङ प्राली बागमती, गौतम गिटी वालुवा प्रशोधन एण्ड क्रसर उधोग बरहथवा, हजरिया बालुवा गिटी प्रशोधन कम्पनी बरहथवा, दुर्गे उधोग बागमती, बन्द गरिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी स्थानेश्वर गौतमले जानकारी दिए ।

घरेलु तथा साना उद्योग भर्खर सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन समिति नै गठन गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारीको संयोजकत्वमा गठित सो समितिको अनुगमन प्रतिवेदनको आधारमा मापदण्ड मिचेर चलाइएका यहाँका अन्य क्रसर उद्योगहरु पनि बन्द गराइने सर्लाहीका प्रजिअ गौतमले बताए ।

जिल्लामा अधिकांश क्रसर उद्योग मानव बस्ती, वन



जङ्गल र मुख्य राजमार्ग नजिकै संचालित छन् । ती क्रसर उद्योगले नजिकका खोलाबाट अवैध रुपमा उत्खनन गर्ने गरेको स्थानियको गुनासो बारम्बार आउने गरेको छ ।

पहिलो चरणमा दर्ता नभएका र नविकरण नगराइ संचालित आठवटा क्रसर उद्योग बन्द गराइएको हो ।

बन्द गरिएका क्रसर उधोगमा बागमती स्यान्ड

कार्यालय सर्लाहीमा २० वटा क्रसर उद्योग दर्ता छन् । तीमध्ये धेरै उद्योगले नवीकरण पनि नगराएको पाइएको छ । क्रसर उद्योग तथा बालुवा प्रशोधन केन्द्रको अनुगमन गर्न सोमवार

# कटहरियामा प्रहरीको गस्ती फितलो हुदा बढयो चोरी



आरके श्रीवास्तव
गरूडा,२६ पुस । रौतहटको कटहरिया बजारमा चोरीको प्रयास भएको छ । नगरपालिकाको वडा नम्बर ५ कटहरिया बजार स्थित रहेको एक सैलुन पसलमा सिसा फोडेर चोरीको प्रयास भएको सञ्चालक शेषनाथ ठाकुरले जानकारी गराउका छन ।

सोमबार राति अज्ञात व्यक्तिहरूले ढुंगा प्रहार गरेर चोरी गर्ने उदेश्य सिसा फोडेको संचालक ठाकुरले बताए । यस विषयमा आफूले ईलाका प्रहरी कार्यालय कटहरियामा खबर गरि सकेको जानकारी गराए । यता बजारमा बढदो असुरक्षाका बातावरणको विच व्यापारीहरू लाई आतंकित पार्ने काम यथासिघ्र बन्द गराउन माग उठन थालेको छ ।

प्रहरी प्रशासनको फितलो गस्तीका कारण यस्तो घटना हुन पुगेको स्थानीय व्यापारीहरूको भनाई रहेको छ । गस्ती बढाउन स्थानीयहरूले प्रहरी प्रशासन सँग माग समेत गरेका छन् । स्मरणीय होस् केही दिन पहिला कटहरिया बजारमा दर्जनौं पसलहरूमा चोरीको घटना घटेको थियो । पछिल्लो समय कटहरिया बजार चोरीको संख्यामा वृद्धि भएको पाइएको छ ।

यस विषयमा इलाका प्रहरी कार्यालय कटहरियाका इन्चार्ज अशोक कुमार महतो सँग बुझ्दा कसैले बाहिर बाट सिसा फुटाइ दिएको बताए । उनले चोरी गर्ने उदेश्य त्यस्तो गरिएको कुरा लाई ठाडै अस्विकार गरे । गस्तीको विषयमा उनले हामीहरूले आफनो बुद्धि विवेकले भ्याए सम्म जनता शान्ति सुरक्षाको लागि अहोरात्र खटिरहेको जवाफ फर्काए ।

# जग्गा खाली नगरेपछि निर्माणाधीन सडकखण्डको कालोपत्र ठप्प



आरके श्रीवास्तव
गरूडा,२६ पुस । सडक छेउको जग्गा खाली नगरेपछि निर्माणाधीन कटहरिया-कलैया सडकखण्डको कालोपत्र ठप्प भएको छ ।

फतुवा बिजयपुर नगरपालिकाको वडा नम्बर १ गम्हरिया स्थित मठ नजदिक सडक छेउको जग्गा खाली नगरेपछि कालोपत्रको काम रोकिएको छ । आश्रय निर्माण सेवा कम्पनीले सो सडकखण्डमा कालोपत्र गर्ने ठेक्का लिएको मा सो ठाउँमा स्थानिय राकेश साह र रामचन्द्र मुखिया मुखिया बिच जग्गा खाली गर्ने विषयलाइ लिएर विवाद रहेको छ । दुवै जनाले जग्गा विवादको विषयलाई आदालतमा नै मुद्दा दर्ता गराएको बुझिएको छ । विवाद उत्पन्न भइ काम नै अवरुद्ध भएको छ ।

यस विषयमा निर्माण सेवा कम्पनीका अजय कुमार गुप्ता सँग सोध्दा काम सुचारू नभए उक्त ठाउँको काम क्यान्सील गरि अगाडि बढ्ने जवाफ दिए । स्थानीयहरूले जग्गा खाली नगरेपछि केहि दिन देखि काम रोकिएको जानकारी गराए ।

यता फतुवा बिजयपुर नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष बिजय यादवसँग जानकारि लिदा दुवै पक्षलाइ समझाउने प्रयास गरेपनि समस्या सामाधान हुन नसकेको भन्दै आफनो जिम्मेवारी बाट पञ्छिन खोजे ।

# म्याद नाघेका उपभोक्ताको लाइन काटिदै

आरके श्रीवास्तव
गरूडा,२६ पुस । रौतहट जिल्लाको मौलापुर नगरपालिका स्थित नेपाल बिधुत प्राधिकरण मौलापुर वितरण केन्द्रद्वारा महसुस भुक्तानी गर्न साठी दिन नाघेका उपभोक्ताको लाइन धमाधम काटिरहेको छ । मिटर रिड भएको ६० दिन भन्दा बढी भएको र महसुल नतिरेको उपभोक्ताहरूको लाइन अहिले काटिने काम भइरहेको नेपाल विधुत प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख अरूण कुमार साहले जानकारी गराए ।

वितरण केन्द्र प्रमुख साहले धेरै उपभोक्ताहरूले महसुल भुक्तानी गर्ने समयको सिमा नाघ्दा पनि महसुल नबुझाएकाले त्यस्ता उपभोक्ताहरूको लाइन काट्न आदेश दिएको बताए ।

उपभोक्ताहरूसँग बाँकि बक्यौता महसुल रकम असुल उपर गर्न वितरण केन्द्रले यो अभियान चलाएको साहले बताए । लाइन काट्ने काम भइरहेकोले महसुल भुक्तानी गरेर बिधुत सुविधाको पहुँचबाट बञ्चित नहुन सबै उपभोक्ता वर्गमा प्रमुख साहले अनुरोध समेत गरेका छन् ।

साथै मौलापुर वितरण केन्द्र अन्तर्गत विभिन्न स्थानहरूमा बिधुत चोरी वा चुहावट गरिरहेको पाइएमा त्यस्ता व्यक्तिहरू लाई प्राधिकरणको विनियमअनुसार कडा भन्दा कडा कार्यवाही गर्ने भएकोले बिधुत चोरी नगर्न नगराउन समेत आग्रह गरिएको छ ।



# विद्यार्थीहरुलाई कम्बल वितरण



मधेशदृष्टि
महोत्तरी, २६ पुस । नेपाल रेडक्रस सोसाइटी महोत्तरी जलेश्वर शाखाले महोत्तरी जिल्लाको राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीमा अध्ययनरत विद्यार्थीहरुलाई कम्बल वितरण गरेको छ ।

गत केही समय देखि जाडो बढ्न थालेपछि सो विद्यालयमा अध्ययनरत (बटुक) छात्रहरुलाई न्यानो कम्बल वितरण गरिएको कुरा जनाइएको छ ।

कमल एक समारोहबीच मटिहानी नगरपालिकाको मेयर हरि प्रसाद मण्डल, जिल्लाका प्रमुख जिल्ला अधिकारी दीपक पहाडी, रेडक्रसका जिल्ला सभापति दीपक मिश्रले सो विद्यालयका छात्रहरुलाई कम्बल वितरण गरेका हुन् ।

कार्यक्रममा रेडक्रसका मन्त्री अमरनाथ कुँवर, कोषाध्यक्ष विजय गुप्ता र विद्यालयका प्र.अ. ईश्वरी पौडेल सहभागी रहनु भएको थियो । कम्मल विद्यालयमा अध्यनरत ४० जना छात्रहरुलाई प्रदान गरिएको थियो ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम, मधेश प्रदेश, धनुषा

सम्पादकीय

# निन्दनीय छ अपहरण शैली

सर्लाहीको लालबन्दी १ नवलपुरमा पुस २४ गते साँझ एक जना सुनचाँदी व्यवसायीलाई अपहरण शैलीमा नियन्त्रणमा लिन आएको टोली भारतीय प्रहरी भएको सुरक्षा स्रोतले जनाएको छ ।

नवलपुरस्थित मनकामना सुनचाँदी पसल संचालन गर्ने लालबन्दी नगरपालिका-१, स्थित नवलपुर नै घर भएका गुड्डु साहलाई अपरिचित समूहले अपहरण शैलीमा नियन्त्रण प्रयास भएको थियो ।साँझ ६ बजेतिर नेपाली नम्बर प्लेटको स्कर्पियो चढेर आएका ४ जनाले साहलाई गाडीमा राखेर लैजाने प्रयास गरेका थिए ।तर, तत्कालै प्रतिकार गरेर स्थानीयले अपहरण शैलीको टोलीलाई लेखेट्यो ।

उनीहरु मध्ये तीनजना स्कर्पियो चढेर भाग्न सफल भए भने एक जनालाई स्थानीयले नियन्त्रणमा लिएर नेपाल प्रहरीलाई बुझाएका थिए । प्रहरीको छानविन र सोधपुछ पछि नियन्त्रणमा लिएका व्यक्ति भारतीय प्रहरी भएको जानकारी प्रारम्भमा प्रहरीले नै दिएको थियो । ती भारतीय प्रहरीलाई जिल्ला प्रहरी कार्यालय मलंगवामा राखिएको छ । नियन्त्रणमा रहेका भारतीय प्रहरी र उनीहरुको आगमनबारे माथिल्लो लेबलबाटै अनुसन्धान एवं कुराकानी भईरहेको प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमको कथन छ ।

भारतीय प्रहरी भनेर एकिन भैसकेका व्यक्तिबारे अहिले आएर प्रहरी र प्रमुख जिल्ला अधिकारी स्पष्ट खोतल्दैनन्, घुमाउरो जवाफ दिन थालेका छन् ।

प्रमुख जिल्ला अधिकारी गौतम, नियन्त्रणमा लिएका व्यक्ति भारतीय प्रहरी हुन् वा अन्य कोही एकिन नभएको, उनीसँग कुनै परिचय नभएको बताउँछन् । गौतमले स्थानीयले भारतीय भनेको बताउँदै यसबारे विस्तृतमा छानविन भैरहेको जानकारी दिए । सर्लाहीका जिम्मेवार अधिकारीहरु यस मामलामा एक अर्काको जिम्मेवारी हो भन्दै पन्छन् खोज्दछन् । फेरीएका कथनले उनीहरु माथि नियन्त्रणमा लिएका व्यक्तिलाई छोड्ने दबाव परिरहेको बुझ्न सकिन्छ ।

प्रहरीका अनुसार भारतको पटना स्थित एसएस ज्वेलर्समा २०७८ माघ ७ गते ३५ किलो सुन र १२ लाख भारतीय रुपैया लुटपाट भएको घटनाको अनुसन्धानका क्रममा भारतीय सुरक्षा निकायले पटक-पटक सर्लाहीका विभिन्न व्यक्तिलाई नियन्त्रण लिने प्रयास गरिरहेको बुझिएको छ । यसअघि वैशाखमा लालबन्दी-२ पुनर्वास निवासी सुन्दर पासवानलाई उनको घरबाटै नियन्त्रणमा लिएर भारत लगिएको थियो । हाल उनी भारतीय प्रहरीको नियन्त्रणमा रहेको बुझिन्छ । त्यस्तै केही महिना अघि जंगली पासवानलाई पनि भारतीय प्रहरीले गाउँबाटै नियन्त्रणमा लिएर मुद्दा चलाईसकेको बताइन्छ । साहलाई भने के विषयमा भारतीय प्रहरीले नियन्त्रणमा लिन खोजेको हो, त्यो भने खुल्न सकेको छैन ।

साहलाई, अपहरण शैलीमा नियन्त्रण गर्नेहरुलाई त्यत्तिकै छोडिदिएको भन्दै सोमबार बिहान स्थानीय सुनचाँदी व्यवसायीले नवलपुरस्थित पूर्व-पश्चिम राजमार्गमा चक्काजाम गरेका थिए । साहलाई नियन्त्रण लिन खोज्नुको कारणहरु जे भएपनि त्यो प्रक्रियागत रुपमा हुनुपर्यो । अर्काको देशमा सिभिल ड्रेसमा प्रवेश गर्ने र नागरिकलाई अपहरण शैलीमा नियन्त्रण गर्न खोज्ने काम निन्दनीय छ । उनलाई पटनामा लुटिएको सुनसँग सम्बन्धित ठानेर नियन्त्रणमा लिन खोजिएको हुनसक्छ । कसैलाई आरोप लगाउनु, दोषि करार गर्नु अघि यथेष्ठ प्रमाण संकलन गर्नुपर्दछ र कानूनको पालना अनिवार्य हुन्छ । नेपालमा व्यवसाय गर्दै आएका व्यवसायी माथि गरिएको ज्यादतीलाई नेपालका सरोकारवाला निकायले संवेदनशील भएर लिनुपर्दछ । कुनै दबावमा पर्न सुहाउँदैन सुरक्षा अधिकारीहरुलाई ।

खुला सीमाना कतिपय अवस्थामा अभिसाप बन्ने गरेको छ । खुला सीमाना अपराधीहरुका लागि अवसर पनि हो । नेपालमा कतिपय अपराधमा संलग्नहरु अपराध गरेर भारतमा गएर लुक्दछन् भने भारतमा अपराध गर्नेहरु नेपालमा आएर बस्ने गर्दछन् । यसको अर्थ एक देशको अपराधीलाई अर्को देशले संरक्षण गर्ने भन्ने होइन । अपराधीहरु कानूनी पञ्जाबाट उम्कनु हुँदैन । तर, अपराध नियन्त्रण गर्ने शैली भने वैधानिक, व्यवहारिक हुनुपर्यो । नेपाल र भारतबीच सुपुर्दुर्गी सन्धी छैन । तर, नेपालका सुरक्षा निकाय र भारतीय सुरक्षा निकायबीच व्यवहारमा अपराध नियन्त्रणमा प्रशस्त काम हुँदै आएका छन् । त्यसो गर्दा भारतीय सुरक्षा निकाय र नेपालको सुरक्षा निकायबीच आपसम समन्वय हुने गर्दछ ।

भारतीय सूचनाको आधारमा नेपाली नागरिकले कुनै अपराध गरेको रहेछ भने त्यस्तालाई नियन्त्रणमा लिएर नेपालमै कानुनी कारवाही चल्ने गरेको पनि छ । भारतमा अपराध गरेर नेपालमा लुकेर बसेका जो कोही भारतीय नागरिकलाई नेपाल प्रहरीले नियन्त्रणमा लिएर बुझाउने गरेका पनि छन् । त्यस्तै सहयोग भारतीय प्रहरीबाट पनि हुने गरेको प्रहरी अधिकारीहरु बताउँछन् । यो भयो वैधानिक नभए पनि व्यवहारीक बाटो । तर, अपराधमा संलग्न व्यक्ति आफ्नै देशको रहेछ भने कुनै पनि देशले बुझाउँदैनन् ।

यस्तो अवस्थामा दुबै देशका प्रहरीको समन्वयमा अपराधी माथि कानूनी कारवाही हुने गर्दछ ।

नेपाल प्रहरीको समन्वयमा भारतीय प्रहरीले कदम चालेको थियो भने त्यस्तो अवस्थालाई अन्यथा लिन मिल्दैनथ्यो । तर,सर्लाहीको घटनामा भारतीय प्रहरी अपहरणकारीको शैलीमा प्रस्तुत भएको छ, जुन निन्दनीय छ ।

# शहरी खाद्य सुरक्षा : खाद्य हरियाली शहर

*बढ्दो औद्योगीकरण, शहरीकरण तिब्रता र इन्धन खपतको द्रुत बृद्धि, प्रदुषण भएको कारणले हाम्रा शहरहरुमा कार्बनडाइअक्साइडको मात्रा अत्यधिक वृद्धि हुँदैछ । तसर्थ, खाद्य हरियाली शहर "कार्बनडाइअक्साइड शहर" बाट "कार्बोहाइड्रेट शहर" मा रुपान्तरण गर्ने अवधारणा आवश्यक छ ।*



**– डा. सुनिलबाबु श्रेष्ठ**



मानव इतिहासमा बहुसंख्यक शहरी जनसंख्या भएको विश्व बनिसकेको छ । कृषि योग्य जमीनहरु विस्तारै वस्ती विकास, व्यापारीक भवन र औद्योगिक क्षेत्रको रुपमा विस्तार हुँदा शहरहरुमा खुल्ला क्षेत्रको कमी र कृषि योग्य जमीनहरु लोप हुँदै गएको देखिन्छ । यसबाट आजका शहरहरु स्वच्छ हावा र हरियालीको अभावमय बन्न पुगेका छन् । यति मात्र होइन, आगलागी भएमा, भूकम्प गएमा सुरक्षित ठाउँको कमीको महसुश शहरवासीले गर्न थालेका छन् । बढ्दो शहरी जनसख्याको चाप, प्रदुषण र स्रोत खपत केन्द्रको रुपमा आजका शहरहरुको पारिस्थितिकीय प्रणाली (इकोसिष्टम) नै खलबलिएको पाइन्छ ।

त्यसैले शहरहरुलाई आर्थिक विकासको अवसरको रुपमा मात्र नभई सन्तुलित र दिगो विकासको चुनौतिको रुपमा पनि हेर्न जरुरी देखिन्छ । यसै परिप्रेक्ष्यमा हाम्रा शहरहरुलाई कसरी स्वच्छ, सुन्दर र हराभरा बनाउँदै शहरवासीलाई सुपथ र सुलभ तरीकावाट खाद्य सुरक्षा प्रत्याभूति गर्न र शहरहरु को दिगो विकास गर्न सकिन्छ भन्ने सन्दर्भमा विकास गरिएको "खाद्य हरियाली शहर" अर्थात फुड ग्रिन सिटीको अवधारणा बारे यस लेखमा व्याख्या गर्न खोजिएको छ । "खाद्य हरियाली शहर" भनेको के हो त ? सन् २००४ मा जापानको ओसाका साङ्ग्यो विश्वविद्यालयको विद्यावारिधिको सोधपत्रको परिणाम स्वरुप विकास भएको "खाद्य हरियाली शहर" को अवधारणाले एक्काइसौं शताव्दीको शहरहरुलाई कसरी दिगो विकास गर्ने भन्ने सम्वन्धमा योजनावद्ध पद्धतिको रुपमा औंल्याउन खोजिएको छ ।

कृषिलाई शहरी योजनामा आवद्धता गरी उत्पादनशील हरियाली कायम गर्ने, खाद्य सुरक्षा प्रत्याभूति गर्न उन्मुख हुने र दिगो विकासको सिद्धान्तमा आधारित भई शहरको भौतिक, वातावरणीय, सामाजिक र आर्थिक अवस्था रुपान्तरण गर्ने सचेत शहरको रुपमा "खाद्य हरियाली शहर" लाई परिभाषित गरिएको छ ।

"खाद्य हरियाली शहर" का निम्न आठ आधारभूत विशेषताहरु रहेका छन् ।

१) प्रशस्त खाद्य हरियाली ठाउँ

२) बस्ने र काम गर्ने स्थान नजिक हुने गरि योजनावद्ध शहर

३) प्राकृतिक स्रोत साधनहरुको विवेकपूर्ण र संयमित खपत

४) निजी साझेदारी मार्फत दिगो विकासमा आधारित टोलहरुको क्रमशः निर्माण

५) तीन "ब" अर्थात बुट (पैदल), बाइसाइकल, बसमा आधारित यात्राको व्यवस्था

६) उर्जा किफायती एवम् पर्यायमैत्री प्रविधिहरुको प्रयोग

७) सामुदायिक सहभागिता र स्थानिय स्रोतको उपयोग गरि शहरको पुनः निर्माण

८) सुन्य फोहर उत्सर्जन तर्फ उन्मुख

यस अवधारणाले शहरको जमिन अति नै मूल्यवान बहुउद्देश्यीय हरियाली हुनुपर्ने तर्फ इंगित गरेको छ । यसले गर्दा हरियाली र खाद्य सुरक्षा सहित बहुउपयोगी फाइदा शहरवासीले पाउन सकि दिगो विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ । तसर्थ शहरमा हरियाली विकास गर्दा शहरको सुन्दरता बढाउने दिने र खाद्य वस्तु जस्तै फलफुल, तरकारी उत्पादनमा पनि मद्दत पुग्ने वा जडिबुटीको उपलव्ध हुने, प्रदुषण कम गर्ने उपयोगी वनस्पति मार्फत अन्य फाइदा पुऱ्याउने बहुउद्देश्यीय हरियाली विकास गर्ने तर्फ औंल्याउन खोजिएको छ । हरियाली पनि कायम हुने र खाद्य सुरक्षा पनि बढन जाने प्रष्ट शहरको अवधारणाले खोजेको छ । बद्दो औद्योगीकरण, शहरीकरण तिब्रता र इन्धन खपतको द्रुत बृद्धि, प्रदुषण भएको कारणले हाम्रो शहरहरुमा कार्बनडाइअक्साइडको मात्रा अत्यधिक वृद्धि हुँदैछ । तसर्थ, खाद्य हरियाली शहर "कार्बनडाइअक्साइड शहर" बाट "कार्बोहाइड्रेट शहर" मा रुपान्तरण गर्ने अवधारणा पनि हो ।

### दिगो विकास लक्ष्य र खाद्य हरियाली शहर

२०३० सम्म प्राप्त गर्ने गरि १७ वटा दिगो विकास लक्ष्यहरु निर्धारण गरेको सन्दर्भमा नेपाल सरकारले सो पुरा गर्ने प्रतिवद्धता प्रकट गरिसकेको छ । यस परिप्रेक्ष्यमा यदि शहरी विकासमा खाद्य हरियाली शहरको अवधारणा अवलम्वन गर्न सकेमा निम्न लक्ष्यहरु प्राप्तीमा प्रत्यक्ष मद्दत पुग्ने देखिन्छ ।

१. भोकमरी अन्त्यगर्ने सुरक्षा हासिल गर्ने र उन्नत पोषण र दिगो कृषिलाई बढवा दिने

२. वायु, माटो र पानीजन्य प्रदूषण लगायत हानिकारण रसायनका कारणवाट हुने मृत्यु तथा विरामी घटाई स्वच्छ जीवनको प्रत्याभूति गर्ने ।

३. शहरहरुलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने ।

४. फोहर उत्सर्जनमा कमी ल्याउने, खाद्यान्न श्रेर जाने परिमाणमा कमी ल्याउने र खाद्यान्न उत्पादन गरे देखि उपभोक्तासम्म पुग्दा हुने खाद्यान्नको नोक्सानीमा एवं उर्जा खेर जाने कमी गर्ने ।

नेपालमा खाद्य हरियाली शहर कार्यान्वयन प्रयासहरु नेपाल सरकारले तयार पारेको राष्ट्रिय शहरी विकास रणनीति सन् २०१७ ले शहरी भू-उपयोग योजना र व्यवस्थापनमा शहरी कृषिलाई समावेश गर्ननसकि रहेको वर्तमान अवस्थामा खाद्यान्न, तरकारी र वागवानीका जस्ता कृषिका कृयाकलापहरुलाई शहरी क्षेत्रमा प्रवर्द्धन गर्ने वारे उल्लेख गरेको पाइन्छ । यसका लागि नगरपालिकाको योजनामा शहरी कृषिलाई एकीकृत गर्न विशेष जोडका साथ कार्यनीति बनाइएको भेटिन्छ ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०७३/०७४ - २०७५/०७६ को लागि तयार गरेको चौधौं योजनामा "कृषि भूमिको संरक्षणलाई विशेष ख्याल राख्दै हरियाली र खाद्य सुरक्षाको प्रत्याभूति दिलाउन खाद्य हरियाली शहर निर्माण गरिनेछ" भन्ने कुरा शहरी विकास क्षेत्रको कार्य नीतिमा उल्लेख भएको देखिन्छ । यसै परिप्रेक्ष्यमा कार्यान्वयनको लागि शहरी विकास तथा भवन निर्माण विभागको संघन तथा एकीकृत शहरी विकासका कार्यक्रमहरु अन्तर्गतका खाद्य हरियाली शहरहरुको पहिचान तथा एकीकृत पूर्वाधार विकास गर्ने र योजनाको अन्त्यसम्ममा २ वटा खाद्य हरियाली शहरको विकास गर्ने कार्यको शुरुवात गर्ने अपेक्षा पनि राखिएको थियो । राष्ट्रिय योजना आयोगले कार्यान्वयनलाई सहयोगी होस् भन्ने हेतुले खाद्य हरियाली शहरको निर्देशिका र कार्यविधि समेत वि.सं. २०७४ सालमा नै तयार पारेको देखिन्छ । शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग मार्फत आर्थिक वर्ष २०७६/०७७ मा "खाद्य हरियाली शहर" को अवधारणा कार्यान्वयनको लागि कीर्तिपुर नगरपालिकाको सम्भाव्यता अध्ययन भएको पाइन्छ । नेपाल सरकारको २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेटमा समेत खाद्य हरियाली शहर सम्बन्धी विषय वस्तुले प्राथमिकता प्राप्त गरेको छ । प्रदेश र स्थानिय तहको सहभागितामा उपत्यका महानगरहरु र प्रदेश राजधानीहरुलाई हरित शहरमा रुपान्तरण गर्न शहरी बृक्षारोपणलाई व्यापक बनाइने र शहरी क्षेत्रमा करेसा बारी, कौसी र गमला खेती प्रवर्द्धन गरिने कुरा नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । "फलफुलका बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गर्न र लाखौंको संख्यामा फलफुलका विरुवा उत्पादन गरि उपयोग विहिन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा र नदी उकासबाट प्राप्त हुने जमिनमा अभियानको रुपमा फलफुल र अन्य उपयुक्त खेती गर्न निजी, सहकारी र सामुदायिक संघ/संस्थालाई प्रोत्साहन गरिनेछ" भन्ने बजेटमा उल्लेख भएको छ ।

हालसाथै नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) र महालक्ष्मी नगरपालिका बीच महालक्ष्मी नगरपालिकामा "खाद्य हरियाली शहर" विकास र विस्तारका लागि सहकार्य गर्ने साझा लक्ष्य र उद्देश्यका साथ समझदारी पत्रमा हस्ताक्षर भएको छ । यस अन्तरगत खाद्य हरियाली शहर भन्ने कार्यक्रम महालक्ष्मी नगरपालिकाको उपयुक्त ठाउँमा कार्यान्वयन गर्न यस समझदारी पत्र अग्रसर छ । यसबाट खाद्यजनक, औषधिजन्य एवं फलफुलका विरुवाहरु वैज्ञानिक एवं प्राङ्गारिक प्रविधिद्वारा उत्पादन, प्रशोधन, भण्डारणका साथै वजारीकरणमा ज्ञान, सीप र प्रविधिलाई स्थानिय स्तरमा हस्तान्तरण गरि हरियाली विस्तार र खाद्य सुरक्षामा सुधार ल्याउने आशा रहेको छ । यस्तै आधुनिक माटो रहित शहरी कृषि प्रणाली हाइड्रोपोनिक्स तथा एक्वापोनिक्स जस्ता नयाँ प्रविधिहरु विद्यालयमा विद्यार्थीहरुलाई सिकाउने, लक्ष्य समेत रहेको छ । कौशिखेति, करेसावारी, नागरिक खाद्य वन प्रवर्द्धन गरि शहरलाई वहुउद्देश्यीय हरियाली साथ खाद्य सुरक्षा प्रत्याभूति दिन नमूनाको रुपमा महालक्ष्मी नगरपालिकालाई विकास गर्ने तर्फ समझदारी पत्र उन्मुख छ ।

### अन्तमा

नेपालमा शहरीकरण द्रुत गतिमा भइरहेको छ । सन् २०११ सम्म ५८ वटा नगरपालिका मात्र थिए । तर राज्यको पुर्नसंरचनावाट हाल आएर ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका र २७६ वटा नगरपालिकाहरुले नगरपालिकाको दर्जा पाई जम्मा नगरपालिकाहको संख्या २ ९३ पुगिसकेको अवस्थामा छ । शहरी जनसंख्या बृद्धि हुँदै जाँदा कृषि भूमि नासिदै गई शहरहरुमा खाद्य उत्पादनको कमी महशुस अधिकांश नगरपालिकाहरुले गरेका छन् । खाद्य परनिर्भरता बढदै गएको, खाद्य उत्पादनमा रासायनिक मल र विषादीको कारण खाद्य सुरक्षा संकट पैदा भएको, खुल्ला क्षेत्रको कमी र हरियाली घट्दै जाँदा शहरी वातावरण नै समस्यामय अवस्थामा पुगेको परिप्रेक्ष्यमा शहरी कृषिलाई शहरी योजनामा एकीकृत गरि योजनावद्ध ढङ्गले "खाद्य हरियाली शहर" अवधारणा नगरपालिकाहरुमा अवलम्वन हुन उपयुक्त देखिन्छ ।

"शहरी जनसंख्या बृद्धि हुँदै जाँदा कृषि भूमि नासिदै गई शहरहरुमा खाद्य उत्पादनको कमी महशुस अधिकांश नगरपालिकाहरुले गरेका छन् । खाद्य परनिर्भरता बढदै गएको, खाद्य उत्पादनमा रासायनिक मल र विषादीको कारण खाद्य सुरक्षा संकट पैदा भएको, खुल्ला क्षेत्रको कमी र हरियाली घट्दै जाँदा शहरी वातावरण नै समस्यामय अवस्थामा पुगेको परिप्रेक्ष्यमा शहरी कृषिलाई शहरी योजनामा एकीकृत गरि योजनावद्ध ढङ्गले "खाद्य हरियाली शहर" अवधारणा नगरपालिकाहरुमा अवलम्वन हुन उपयुक्त देखिन्छ ।

संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य प्राप्त गर्न र खाद्य परनिर्भरता कम गरि खाद्य सुरक्षा अभिवृद्धि गर्न स्वच्छ हरियाली वातावरण शहर निर्माण गर्दै "खाद्य हरियाली शहर" को अवधारणा मार्फत नेपालका नगरपालिकाहरुले दिगो विकास गर्नसक्ने देखिन्छ । तसर्थः समयमानै यस अवधारणालाई नगरपालिकाहरुले अवलम्वन गरि शहरलाई सुन्दर र हरियाली पार्न र शहरबासीलाई खाद्यमा आत्मनिर्भरता तर्फ उन्मुख हुन आवश्यक कदम चाल्न अव ढिलो गर्न हुँदैन ।

(श्रेष्ठ, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)का उपकुलपति हुन् । यो लेख नास्टको प्रकाशन विज्ञान लेखमालाबाट साभार लिइएको हो ।)

# फिल्मसिटी निर्माण परियोजनाको तयारी सुरु



वाग्मती, २६ पुस
वाग्मती प्रदेश सरकारले फिल्मसिटी निमार्णका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजनाको तयारी कार्य सुरु गरेको छ। वाग्मती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयले मकवानपुरको इन्द्रसरोवरलाई केन्द्र मानेर पालुङ, चितलाङ, दामन र दोलखाको भस्मेश्वर नगरपालिकालाई फिल्मसिटीका रुपमा विकास गर्न सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजनाको तयारी कार्य सुरु गरेको जनाएको छ।

मन्त्रालयले सम्पादन गरेको कार्य तथा उपलब्धि र आगामी कार्यदिशाबारेमा प्रतिवेदन आज सार्वजनिक गर्दै उक्त जानकारी दिइएको हो। साथै मन्त्रालयले चितवनको सौराहामा पर्यटन विभागबाट निर्माण गरिएको सूचना केन्द्रबाट दिइएको जानकारीका आधारमा चितवन, मकवानपुर जिल्लाका व्यवसायीलाई सेवा प्रवाह गर्ने, वाग्मती प्रदेशको पर्यटकीयस्थलको प्रचारप्रसार गर्न छायाङ्कन गर्ने, चलचित्रलाई सूचक र मापदण्ड बनाउने कार्य अगाडि बढेको जनाएको छ।

मन्त्रालयका सचिव मदन कोइरालाबाट प्राप्त प्रतिवेदन एवम् जानकारीअनुसार मकवानपुरगढीलाई बृहत् पर्यटन विकास गरिनेछ । त्यसका लागि रु तीन करोड बजेट विनियोजन गरिएको छ। सङ्घीय सरकारको समन्वयमा साहसिक जलयात्रालाई महत्वपूर्ण नदी संरक्षण क्षेत्र घोषणा र कम्तीमा दुईवटा बृहत् पर्यटन महोत्सव गर्ने प्रतिवेदनमा उल्लेख छ।

निजी क्षेत्रको सहकार्यमा भारतीय पर्यटक लक्षित पर्यटक यातायात सञ्चालन (वीरगञ्जबाट सुरुआत गर्ने), वाग्मती प्रदेशमा रहेका लोपोन्मुख भाषा, कला र संस्कृतिको अभिलेखीकरण र संरक्षण, पर्यटकीयस्थल एवम् गतिविधिको प्रचारप्रसारमा बढोत्तरी गर्ने योजना रहेको मन्त्रालयले जनाएको छ। प्राप्त विवरणमा नयाँ पर्यटकीय मार्ग निर्माण गर्ने कार्य प्रारम्भ भएको, रसुवा-४ गोसाइँकुण्ड क्याङ्गजिङ्गमा हाई हिमालय नेचुरल वाल क्लाइम्बिङ ट्रेनिङ सेन्टर निर्माण कार्य सुरु गरिएको उल्लेख छ।

काठमाडौँ उपत्यकामा सम्पदा पदमार्गको निर्माण सुरु गरिएको, 'राइनो चिल्ड्रेन पार्क' भरतपुर चितवनमा निर्माण अगाडि बढेको, हिमाल आरोहीका लागि प्रशिक्षण केन्द्रको सम्भाव्यता अध्ययन गरिएको छ। मन्त्रालयले गरेको महत्वपूर्ण काममा प्रदेश पर्यटन ऐन, २०७८ जारी, त्यसमा पर्यटन व्यवसायी एवम् सरोकारवालाको मागलाई समेत ध्यानमा राखी हेरफेर, प्रदेश पर्यटन नीतिको मस्यौदा तयार र छलफल, प्रदेश पर्यटन नियमावली २०७९ को मस्यौदा तयार भइरहेको उल्लेख गरिएको छ।

पर्यटकीय तारे होटल, लज, रिसोर्ट, पब, लाउन्ज, होमस्टेको वर्गीकरण गरी स्तर निर्धारण समिति गठन गरी प्रतिवेदन प्राप्त भइसकेको र आन्तरिक पर्यटनलाई चलायमान बनाउन घुमफिर वर्ष चितवनको सौराहाबाट प्रारम्भ गरेको प्रतिवेदनमा उल्लेख छ। मन्त्रालयले इको टुरिज्मको विकास, कम्तीमा एउटा पर्यटन र धार्मिक पर्यटनको गौरवका आयोजना सञ्चालन गर्ने, पर्यटकीय पूर्वाधार पुग्नका लागि पहुँच मार्ग निमार्णको स्तरोन्नति गर्ने कार्य आगामी योजनामा राखिएको बताइएको छ। वसन्तपुर, स्वयम्भू, पाटन, भक्तपुर लगायतका स्थानमा निजी क्षेत्रको सहकार्यमा ठूला पर्यटकीय पूर्वाधारको निर्माण गर्ने योजना छ। रासस

# आइपीओ निष्कासन गर्दै सगरमाथा जलविद्युत्




काठमाडौँ, २६ पुस
सगरमाथा जलविद्युत् कम्पनी लिमिटेडले आगामी माघ ५ देखि साधारण शेयर निष्कासन गर्ने भएको छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि प्राथमिक सार्वजनिक निष्कासन (आइपीओ)को बिक्री खुला गर्ने भएको हो।

कम्पनीले कूल जारी पुँजी रु एक अर्ब १२ करोडको १० प्रतिशत अर्थात् रु ११ करोड २० लाख बराबरको प्रतिशेयर रु एक सय दरका ११ लाख २० हजार कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र इलामको स्थानीय बासिन्दाका लागि निष्काशन गर्न लागेको हो। त्यस्तै सर्वसाधारण लगानीकर्ताका लागि छुट्याइएको ४३ लाख ६८ हजार कित्ताको १० प्रतिशतले हुने चार लाख ३६ हजार आठ सय कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरी रहेका नेपालीका लागि निष्काशन गर्न लागेको कम्पनीको सार्वजनिक आह्वानपत्रमा उल्लेख छ।

स्थानीय लगानीकर्ताले शेयर खरिदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्म आवेदन दिन सक्नेछन्। जसमा आयोजन प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्काशन बन्द छिटोमा आगामी माघ १९ मा हुनेछ भने ढिलोमा आगामी फागुन ५ बन्द हुने कम्पनीले जनाएको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीले भने अधिकतम ५० हजार कित्ताका लागि माघ १९ गतेभित्र आवेदन दिनुपर्ने छ।

स्थानीयले आयोजनास्थलमा रहेको कम्पनीको कार्यालय, प्रभु बैंक, सेञ्चुरी बैंक, र प्राइम कमर्सियल बैंकले तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन्। वैदेशिक रोजगारीमा रहेका नेपालीले आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सक्ने कम्पनीले जनाएको छ।

कम्पनीको शेयर निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड छ। आइपीओ निष्काशनका लागि गराएको रेटिङमा इक्रा नेपालले कम्पनीलाई इक्रा एनपी आईआर बीबीबी माइनस रेटिङ प्रदान गरेको छ। कम्पनीले इलामको इलाम नगरपालिका-२ स्थित माई ओलामा नौ दशमलव छ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। रासस

# झापामा सात उद्योग कारबाहीमा



बनियानी, २६ पुस
झापामा सात उद्योग कारबाहीमा परेका छन्। सरकारले तोकेको मापदण्ड विपरीतका दूषित तथा न्यून गुणस्तरीय वस्तु उत्पादन गर्ने सात उद्योग कारबाहीमा परेको खाद्य, प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख नारायणप्रसाद भट्टराईले जानकारी दिए।

कारबाहीमा परेका उद्योगमा पानी उद्योग, चिया, तेल, दाना (पशु आहार) उद्योगलगायत रहेको प्रमुख भट्टराईले बताए। "केही फाइल जिल्लाबाहिर पठाएका छौँ", उनले भने, "केही फाइल जिल्ला प्रशासन कार्यालय र अदालतमा पेस गरिएको छ।"

प्रारम्भिक अनुसन्धान गरेर उद्योग दर्ता भएको स्थानमा कारबाहीका लागि मोरङ र पर्सामा एक/एक फाइल पठाइएको छ भने बाँकी जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतमा पठाइएको छ। "खाद्य गुण नियन्त्रण गर्न हामी लागि परेका छौँ", उनले भने, "पुराना फाइल पनि छन्, तिनीहरुलाई पनि किनारा लगाउँदै नयाँमा काम-कारबाही अगाडि बढाइरहेका छौँ।" चार जिल्ला झापा, इलाम, पाँचथर र ताप्लेजुङ कार्यक्षेत्र रहेको तथा सीमित जनशक्ति भएकाले भनेजस्तो काम गर्न नसकिएको उनको भनाइ छ। कार्यालयअन्तर्गत इलामका ६२ होटल व्यवसायीलाई खाद्य स्वच्छता, गुणस्तर एवं होटल व्यवसायीले पालना गर्नुपर्ने मापदण्डसम्बन्धी अभिमुखीकरण गरिएको छ। झापाको मेचीनगरमा स्थानीय तहका पालिका प्रमुख, उपप्रमुख लगायतका जनप्रतिनिधिका लागि खाद्य स्वच्छता अभिमुखीकरण, उपभोक्ता भेला लगायतका कार्यक्रम गरिएको छ। सडक खाना (स्ट्रिट फुड) व्यवसायीलाई स्वच्छतासम्बन्धी तालिम दिने तयारी भइरहेको कार्यालयले जनाएको छ। पानीपुरी, चटपटे, ठेला पसल व्यवसायीलाई भेला गराएर एकदिने तालिम दिन लागिएको कार्यालय प्रमुख भट्टराईले बताए। रासस

# घट्यो सुन चाँदीको मूल्य

काठमाडौँ, २६ पुस
सुनचाँदी बजारमा मंगलवार छापावाल सुनको मूल्य अघिल्लो कारोबारका तुलनामा प्रतितोला रू चार सयले घटेर रू एक लाख तीन हजार पाँच सय कायम भएको छ। छापावाल सुनको मूल्य सोमबार प्रतितोला रू एक लाख तीन हजार नौ सयमा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार मंगलवार तेजावी सुनको मूल्य प्रतितोला रू एक लाख तीन हजार छ। यसको मूल्य अघिल्लो दिन रू एक लाख तीन हजार चार सय थियो।

त्यस्तै मंगलवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा रू २५ ले घटेर प्रतितोला रू एक हजार तीन सय ६५ तोकिएको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक मूल्य तोक्दै आएको छ।
रासस



# हराउन थाल्यो थारू समुदायको झुमडा नाच



कपिलवस्तु ,२६ पुस
युवा पुस्ताले झुमडा नाचको महत्व बिर्सिँदै गएकामा यहाँका थारू अगुवाले चिन्ता व्यक्त गर्न थालेका छन्। झुमडा थारू समुदायको पुरानो नाच हो। सो समुदायको जातीय पहिचान स्थापित गर्न यो नाचको निकै महत्वपूर्ण भूमिका छ।

दिनभर खेतीमा काम गरेको थकाइ मेटाउन पुर्खाहरूले झुमडा नाच्ने गरेको वाणगङ्गा-५ कोपवाका संस्कृतिकर्मी तथा थारू कल्याणकारिणी सभा कपिलवस्तुका सल्लाहकार महादेव थारू बताउछन। कामको थकाइलाई झुमडा नाचले बिर्साइदिने उनको अनुभव छ।

तराई मधेसका आदिवासीका रूपमा चिनिने थारू समुदायमा पछिल्लो समय आधुनिकताको प्रभाव बढ्दो छ। पुराना संस्कृति लोप हुन थालेका छन्। यो समुदायमा चलनचल्तीमा रहेका संस्कृतिलाई आजभोलि मेला, महोत्सव आयोजना गरी नयाँ पिँढीलाई चिनाउनुपर्ने अवस्था आएको छ।

समाजमा रहेका विकृति, विसङ्गतिलाई झुमडा गीत र नाचको माध्यमबाट हटाइने गरेको उनको भनाइ छ। "अहिलेका पिँढीले झुमडा नाचको महत्व बुझ्न नसक्दा संस्कृति लोप हुने खतरा छ", उनी भन्छन, 'अब थारू संस्कृतिहरू इतिहास बन्न बेर छैन।" विशेषगरी यो नाच दसहरा (दशैँ)देखि माघीसम्म नाच्ने गरिएको थारू अगुवाको भनाइ छ। बढीमा १५ महिला र पुरुष मिलेर झुमडा नाच नाचिने थारू अगुवा बताउँछन्। यो नाचमा गाइने गीत पनि मौलिक हुन्छ। एकल र समूह मिलेर झुमडा गाउने गरिन्छ। गीतमा मौलिक बाजा मनहरा (मादलजस्तै) बजाइन्छ। झुमडा नाचमा थारू समुदायमा चलनचल्तीमा रहेका वेषभूषाको प्रयोग गरिन्छ। पुरुषले धोती, फेटा, आसकट, बहकट्टी लगाउँछन् भने महिलाले लेहना, लेहङ्गा, अङ्गिया, फरिया लगाउने गर्दछन्। झुमडा नाच नाच्न युवा पिँढी लजाउने गरेका कोपवाका थारू अगुवा शिवप्रसाद थारूले बताए। मौलिक नाच भएकाले नृत्य, गायन र वेषभूषा पुरानै खालको हुन्छ तर अहिलेको पिँढीले नाच्न, गाउन र वेषभूषा लगाउन लाज मान्ने गरेको उनको भनाइ छ। वेषभूषामा पनि आधुनिकता छायो, उनले थपे , "नयाँ पिँढीले त्यसको सिको गर्न खोज्दैनन्।" झुमडा नाचमा ३५ थरिका ताल हुने उनले बताए। तर सबै ताल हराउँदै जान थालेका छन्। अहिले दुई तालको प्रयोग गरी नाच्ने गरिएको उनले जनाए।

पुराना पुस्ताका थारू अगुवाले कतिपय ठाउँमा झुमडा नाचको संरक्षण गर्ने अभियान नै चलाएका छन्। कपिलवस्तुको शिवपुर, बरकुलपुर, चम्पापुर, दुवियाँ, हथौसा, पटना, कोपवालगायतका स्थानमा थारू समुदायको बाहुल्य क्षेत्र हो। पछिल्ला केही वर्षदेखि माघे सङ्क्रान्तिको अवसर पारेर माघी महोत्सव मनाउने गरिएको छ। थारू भाषा, कला, संस्कृति बचाउने उद्देश्यले आयोजना गरिएको माघी खिचडी महोत्सवमा थारू समुदायका ऐतिहासिक कला, संस्कृति देख्न सकिन्छ। थारू समुदायले आयोजना गर्ने मेला, महोत्सवमा अन्य समुदायले पनि निकै चाखपूर्वक अवलोकन गर्ने गरेको थारू कल्याणकारिणीसभा कपिलवस्तुका पूर्वअध्यक्ष जञ्जीरप्रसाद थारूले बताए। थारू समुदायका कला, संस्कृति पछिल्लो समय हराउँदै जान थालेको अब सबै मिलेर संरक्षण गर्नुपर्नेमा उनको तर्क छ।

जिल्लाका विभिन्न स्थानमा आयोजना गरिने माघी खिचडी महोत्सवमा थारू समुदायका पुराना नाच देख्न सकिन्छ। थारू समुदायको झर्रा, लाठी, मयूर, सजनी, विरहनीजस्ता नाच महत्वपूर्ण छन्।रासस

# आलु खेतीबाट मनग्गे आम्दानी

दिपायल, २६ पुस
आलु खेतीबाट डोटीका किसानले मनग्य आम्दानी गरेका छन्। विगतमा परम्परागतरुपमा तरकारी खेती गर्दैआएका किसान पछिल्लो समयमा आधुनिकरुपमा आलु खेतीतर्फ आकर्षित भएका हुन्। अधिकांश खेतीयोग्य जग्गामा आलुखेती हुन थालेपछि डोटी जिल्ला आलु खेतीतर्फ आत्मनिर्भर बन्दै गएको छ। परम्परागत खेतीको तुलनामा आधुनिक खेतीबाट पर्याप्त आम्दानी गर्न सकिने भएका कारण किसान व्यावसायिकरुपमा आलुखेती गर्न थालेका हुन्। जिल्लाको बडिकेदार गाउँपालिका-५थानकोटकाकिसान दिल्ली मल्लले आलु खेतीबाट निकै आम्दानी गरेका छन। उनी हिउँदे र बर्खे गरी दुवै याममा रु दुई लाख बराबरको आम्दानी गर्दै आएको बताउछन। 'धान,गहुँ र तोरी खेतीले खासै आम्दानी हुँदैनथ्यो,' मल्ल भन्छन, "आलु खेती गर्न थालेपछि यहाँका किसानले निकै आम्दानी गरेका छन।" जिल्लाको जोरायल गाउँपालिका-६ दहका किसन गोपाल साउदले ४० रोपनी जमिनमा लगाउनुभएको आलु खनिसकेका छन। काडिन्ल नामको रातो आलु ६० कुइन्टल फलेको र उक्त आलु प्रतिकिलो ४० रुपैयाँमा बिक्री भइरहेको उनको भनाइ छ। एकै याममा कारिव रु दुई लाख चालिस हजार बराबर आम्दानी भएको साउद उल्लेख गर्छन। कृषि ज्ञान केन्द्रबाट चक्लाबन्दी आलु खेतीका लागी ५० प्रतिशत अनुदान तथा प्राविधिक सहयोगमा आलुको बीउ ल्याएर लागइएकामा पानी नपरेकाले खासै उत्पादन नभएको उनी गुनासो गर्छन।

नेपाल सरकार
गृह मन्त्रालय
**कारागार व्यवस्थापन विभाग**
कारागार कार्यालय पर्सा, बीरगंज

**कैदी बन्दीहरुको लागी औषधी आपुर्ति गर्न सिलबन्दी दरभाउपत्र पेश गर्ने बारेको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०९/२७

यस कारागारमा रहेका कैदी बन्दीहरुको लागी यस आ.व.मा औषधी खरिद (आपूर्ति) गर्नु पर्ने भएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इन्छुक औषधी व्यवसायी/फार्मेसीहरुले नोटरी पब्लिकबाट प्रमाणित औषधी व्यवस्थापन विभागको प्रमाणपत्र, फर्म दर्ता, व्यावसाय दर्ता, इजाजत पत्रहरुको हाल सम्मको नविकरण, आ.ब. ०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र तथा VAT/ PAN सम्बन्धी कागजातहरु संलग्न गरी निवेदन साथ रु.१,०००/- (फिर्ता नहुने गरी) दस्तुर बुझाई दरभाउपत्र सम्बन्धी कागजातहरु कार्यालय समयमा प्राप्त गर्न सकिनेछ। आपूर्ति कार्यको लागत अनुमान रु.१४,५०,०००/- रहेको छ। रित पूर्वक आएको दरभाउपत्रमा आवश्यक विवरण भरी सिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेसम्म दर्ता गराउन सकिनेछ। दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र सोही दिन दिनको १३:०० बजे खोलिनेछ। विस्तृत विवरणको लागी सम्पर्क राख्नुहोला।

# राजेश्वर नेपाली: मुर्झाएको छैन क्रान्ति चेत

जनकपुरधाम, २६ पुस

**दुःख पाए, एक दिन सुख पनि पाउँछ,**
**भोको, नाङ्गो, गरिबले जय-जय मनाउँछ ।**
**जोर, जुलुम समाप्त भई बन्धुत्व बनाउँछ,**
**निरङ्कुशी शासन भए, प्रजातन्त्र आउँछ ।**
(विसं २०२१ फागुन ७)
**शान्ति छ को यहाँ, छैन कहाँ क्रान्ति,**
**कलह, द्वेष, इर्ष्या र अब व्याप्त छ महाभ्रान्ति ।**
(विसं २०२६ फागुन २२)

घनघोर पञ्चायतमै यस्तै र अझ योभन्दा क्रान्तिकारी कविता र विचार लेख्न कहिल्यै थाक्नुभएन राजेश्वर नेपाली । देखेको, भोगेको र बिझेको कुरा लेखेकै आधारमा जेलनेल, यातना र तमाम प्रातडना सहनुभयो तर लेख्न र बोल्न छोडेनन । दुई वर्षयता वरिष्ठ पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी नेपालीले लेख्नु भएन र केही समय त बोल्न पनि सकेन । प्रोस्टेड क्यान्सरबाट ग्रस्त भएपछि ७९ वर्षीय नेपालीको पछिल्लो दुई वर्ष उपचारकै लागि अस्पताल धाउनमै बित्यो । रोगले सताउन थालेपछि एक वर्षमा छ पटक त भारतको राजधानी नयाँदिल्ली धाउनुपर्‍यो । उनी करिब एक महिनाअघि मात्रै भारतको राजीव गान्धी क्यान्सर अस्पतालमा उपचार गरी घर फर्किएका छन ।

उनको उपचारमा संलग्न स्वास्थ्यकर्मी महेन्द्रप्रसाद साहले क्यान्सरको निदान भए पनि स्वास्थ्य अवस्था निकै नाजुक रहेकाले घरमै हेरचाह गर्न सुझावसहित अस्पतालले नेपाल पठाएको थियो । अहिले स्वास्थ्यमा करिब ४०/४५ प्रतिशत सुधार भइसकेको साहले जानकारी दिए । "उता (दिल्ली) बाट फर्किंदा हामी सबै चिन्तित थियौँ । तर अहिले निकै सुधार हुँदै गएको छ", साहले भने, "सुन्निएको शरीर, बोल्न नसक्ने, दिनमै १०/१२ पटक दिसापिसाब गर्ने, एकदमै नाजुक अवस्था । अहिले भने निरन्तर सुधार हुँदै गएको छ । अब चाँडै उनी हिँड्ने अवस्था बन्छ ।"

वरिष्ठ पत्रकार नेपालीका छोरा राघवेन्द्र साहले पनि बुबाको स्वास्थ्यमा निकै सुधार हुँदै गएको जानकारी दिए । उनले हाल देखिएको सुधारले आफूहरु निकै आशावादी बनेको बताए । अहिले नेपालीको स्वास्थ्यप्रति चिन्ता र चासो जाहेर गर्दै दिनहुँ मानिसहरु भेट्न जान्छन् तर नेपाली भने देशको 'स्वास्थ्य' प्रति चिन्ता र चिन्तन जाहेर गरेर फर्काउछन ।

अहिले वरिष्ठ पत्रकार नेपालीको स्वास्थ्य अवस्थाबारे चिन्ता राख्ने आफन्त, शुभचिन्तकलगायत सरोकारवालाहरु घरमै गएर स्वास्थ्यलाभको कामना गरिरहेका छन । स्वास्थ्यलाभ गर्न पुगेका नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष मोनिका झा पनि उनको स्वास्थ्यमा सुधार भएर पुनः आफ्नो बौद्धिक लेखन कार्यलाई निरन्तरता दिने विश्वास व्यक्त गर्छन । "शरीर हो, समस्या त हुन्छ", झा भन्छन, "तर उनको स्मरण शक्ति उस्तै छ, चाँडै नियमित काममा फर्किन्छन भन्नेमा हामी निकै आशावादी छौं ।"

स्मरण दुरुस्तै, जुझारु चेत उस्तै

आफ्नै निवासभित्र एउटा कोठामा पल्टिरहेको छ प्रजातान्त्रिक आन्दोलनको जिउँदो इतिहास । समयको बहाव, समकालीन समाजलाई ठीक समयमा ठीक ढङ्गले बुझ्ने र त्यसमा अविचलित रहने त्यो स्वभाव, सामान्य मस्तिष्कभन्दा पहिले नै सोच्ने र मुखरित गर्ने त्यो जुझारु चेतले त्यहाँ पुग्ने जो कोहीलाई पनि भावुक बनाउँछ । प्रजातान्त्रिक आन्दोलन, साहित्य र पत्रकारिता, देशभित्रका सिमान्त आवाज, भिन्न अस्तित्वहरुको समन्यायिक समानताको वकालत गर्ने, देशभित्रै विशिष्ट एंव फरक पहिचान बोकेको 'मधेस' को आत्मसम्मान खोज्ने अकण्ठ आत्मविश्वासका उनी सबैका प्रेरणापुञ्ज छन । दाउरा सुरुवाल मात्र होइन, धोतीलगायत विविध वेशभूषा, विविध भाषाभाषी, पहाड र पहाडी मात्रै होइन, मधेस र मधेसीमा पनि नेपाल र नेपालीपनप्रति उत्तिकै गौरवबोध, राष्ट्रप्रेम र राष्ट्रवाद छ भनेकै, लेखेकै भरमा राज्यसत्ताको 'संस्थापन पक्ष' ले सधैँ बागी करार गरेको एक योद्धामा आज पनि उस्तै जुझारुपन, उस्तै चिन्तन र चेतना, उस्तै भीष्म प्रतिज्ञा ।

शरीर हो, जुनसुकै बेला गल्न र ढल्न सक्छ । यो कठोर तर शाश्वत सत्य हो । नेपालीको भौतिक शरीर पनि शिथिल छ अहिले । तर उनको कुरा सुन्दा लाग्यो, त्यो क्रान्ति चेत र स्वाभिमान अझै मुर्झाएको छैन । राणाविरोधी आन्दोलन, मुक्ति वाहिनी सेनाको हुलाकी, २००७ सालका स्वतन्त्रता सेनानी बुबा स्व रामदुलार साहको योगदान र प्रभाव, २०१८ कात्तिक १६ गतेदेखि परिवर्तनको हतियार कलमलाई बनाउने निधो र तत्पश्चात्का आरोहअवरोध, यातना, सङ्गत, इतिहासको सूक्ष्म पृष्ठभूमि, २०३६ सालको जनमत सङ्ग्रह, २०४२ सालको बम काण्ड, २०४६ सालको आन्दोलन र त्यसको तयारी, यस्ता अनेक घटना, परिघटना र सन्दर्भको स्मरण शक्ति उस्तै छ उनीमा ।

सदाबहार 'बागी', तीनपटक जेल र ३९ पटक हिरासत

प्रजातान्त्रिक आन्दोलन, साहित्य र पत्रकारिताको ज्ञान भएका जो कोहीका लागि परिचित पात्र छन नेपाली । उनको क्रान्ति चेत, विद्रोही स्वभाव, समानता, समभाव र परिवर्तनप्रतिको निष्ठाबारे लेखिएकै, पढिएकै र सुनिएकै छ । विश्वमा क्षेत्रीयतावाद र जातिवादको जगजगी रहेको बेला शोषित, पीडित, उपेक्षित, असहाय र आवाजविहीनहरुको आवाज उजागर गर्दै राज्यलाई ध्यानाकर्षण गराउने, कलमको माध्यमबाट सिङ्गो नेपाल र मधेसलाई मुखरित गरिरहने उनलाई प्रेस स्वतन्त्रता सेनानी, एक कट्टर राष्ट्रवादी तर राज्यसत्ताको स्थायी 'बागी', परिष्कृत साहित्यकार आदि उपमा दिने गरिन्छ ।

धोतीकुर्ता, मधेसमा बोलिने हिन्दी भाषा, भारतीय सीमासँग जोडिएको भूगोलका कारण संस्थापन पक्षले सधैँ यहाँको राष्ट्रवादलाई शङ्काले हेर्ने र सौतेलो व्यवहार देखाउने गर्दथ्यो । नेपाली भने शब्द र कलममार्फत त्यसैको विरुद्धमा 'आगो' ओकल्ने उनले 'मधेसवादी त हुँ नै तर अखण्ड नेपालवादी पनि हुँ' भनेर समानता र सहअस्तित्वको कुरा लेख्न छोडेनन । राज्यले त्यही लेखनबाट असुरक्षित महसुस गर्ने र थुन्ने गर्दथ्यो । उनी भन्छन, "म अहिंसावादी, गान्धीवादी, त्यसैले कहिल्यै बम र बन्दुकमा भरोसा रहेन", नेपाली अहिले पनि भन्छन, "तर राज्यले मलाई हिंस्रक मान्ने, मेरा विचार, अभिव्यक्ति र लेखनमा हिंसा देख्ने । त्यसैले त होला थुनेको !" नेपालीको मानसपटलमा अहिले पनि ताजै छ राजा महेन्द्रले २०१७ पुस १ मा जननिर्वाचित सरकार र संसद्लाई अपदस्त गरेको घटना एवं सन्दर्भ । "पुस १ पछि काङ्ग्रेसले प्रजातन्त्र पुनर्स्थापनाको सङ्घर्ष गर्ने भयो । नेता सरोजप्रसाद कोइरालाले मलाई भारतको जयनगर बोलाएर नेपाली काङ्ग्रेसको सशस्त्र सङ्घर्षमा सहभागी बन्न भने", नेपालीले सुनाए , "तर मेरो पिताजीले गान्धीसँगको भेट र प्रभावबाट अहिंसावादी भई काम गरेकाले म बन्दुक र बमले नभई कलममार्फत क्रान्तिमा लाग्छु भनेर प्रतिबद्धता जनाएँ । तैपनि राज्यले पटकपटक



थुन्यो, यातना दियो ।"

उनी समाचार, विचार र साहित्य लेखेकै कारण पहिलोपटक २०२१ जेठ २७ गते र संविधान लेखनका लागि भएका आन्दोलनसम्म पटकपटक गरी तीनपटक जेल र ३९ पटक प्रहरी हिरासतमा परे । एक कालखण्ड त आफूले लेखेको पत्रिका नै बन्द गर्ने र अरूले लेखे पनि यसैले लेखेको होला भनेर प्रहरी प्रशासनले डराउने, धम्क्याउने गरेको उनले स्मरण गर्छन । परिवर्तन, लोकतन्त्र र समानताका पक्षमा लेखेका कारण मलाई असुरक्षा त छँदै थियो, मैले लेखेकै कारण १० वर्षमा आठपटक पत्रिका बन्द गर्ने काम पनि भयो ।

"कहिले हिन्दीमा लेखेको, कवितामार्फत विरोध गरेको त कहिले समाचार र विचार लेखेका कारण राज्यले मलाई पक्राउ गरेर चरम यातना दियो", नेपालीले भने , "क्यान्सर ठीक हुँदा पनि शरीर उभिन सकेको छैन, त्यही यातनाको करामत त भोग्दैछु अहिले ।" विसं २०२०/२१ तिर राष्ट्रिय समाचार समितिको धनुषा जिल्ला संवाददाता र पछि विभिन्न पत्रपत्रिकामा काम गरेका नेपालीको २०४० सालदेखि लोकमत साप्ताहिक पत्रिका प्रकाशित भइरहेको छ ।

'सबैको देश, तब हुन्छ बेस'

छ दशक लामो पत्रकारिताको क्रममा जेलनेल र यातना भोगे पनि आफूजस्तै लाखौँको सङ्घर्ष र हजारौँ शहीदहरुको बलिदानीले गर्दा सङ्घीयता, गणतन्त्रसहितको परिवर्तन आएकामा नेपाली निकै खुसी छन । उनले नेपाल मधेसी, पहाडीलगायत सबैको देश भएकाले यसको विकासमा पनि सबैको योगदान हुनुपर्ने बताए । 'देश नेता र सांसदले मात्रै बनाउन सक्दैनन्, त्यसैले सबैको योगदान हुनुपर्छ' भन्ने मत राख्दै आएका नेपाली पछिल्लो परिवर्तनको संस्थागत विकास कुराले मात्रै नहुने भएकाले काम गरेर देखाउनुपर्ने धारणा राख्छन ।

"विगतदेखि नै मैले देश एउटा भए पनि पहिचान, आवश्यकता र संवेदना फरकफरक छन्, त्यसको समान विकास र प्रतिनिधित्व हुनुपर्छ भन्दै आएको थिएँ । कतिपय सन्दर्भमा सबैलाई समेट्नुपर्छ नत्र बाहुनको मात्रै देश हुन्छ भनेको छु", उनले स्मरण गरे , "हजारौँ वीर शहीदहरुका बलिदानले गणतन्त्र र सङ्घीयता आएको छ । अब यसलाई संस्थागत गर्न पनि सबै मिल्नुपर्छ । अनि मात्रै सफल भइन्छ ।"

उनले दलहरुमा गणतन्त्र र सङ्घीयताअनुसार आचरण विकास हुँदै जानुपर्नेमा उल्टै बेमेल बढेको देखेर आफूजस्ता परिवर्तन पक्षधरलाई चिन्तित तुल्याएको बताए ।"संविधान आएको छ, अब नागरिकमा आशा जगाउँदै, त्यसलाई उत्पादनसँग जोड्ने नेतृत्वको खाँचो छ", नेपाली भन्छन,"हाम्रो सम्भावना कृषि नै हो, तर मल कारखाना बनाउन, देशबाहिर पलायन हुने युवा जनशक्तिलाई रोक्न ध्यान गएको छैन । त्यसैले अब कृषि क्रान्तिको आवश्यकता छ ।"

बाँचियो भने त !

नेपालीले आफ्नो जीवनकालमा सके जति गरिसक्नुभएको छ । सञ्चारमाध्यम र विभिन्न २८ वटा साहित्यिक कृतिमार्फत पर्याप्त बोलिसकेका छन । तर पनि लेख्ने र बोल्ने रहर अझै बाँकी छ उनीमा । अप्रकाशित कृतिहरुलाई पूर्णता दिएर प्रकाशन गर्ने र जनकपुरमा शहीद दुर्गानन्द झाको स्मारक बनाउने उहाँको चाहना छ । २०१८ माघ ९ गते राजा महेन्द्रमाथि जनकपुरमा बम प्रहार गरेका झालाई २०२० माघ १५ गते मृत्युदण्ड दिइएको थियो । प्रथम गणतान्त्रिक व्यक्तित्वका रुपमा परिचित झाको स्मारक बनाउन पहल भए पनि जग्गा अभावमा त्यो पूरा हुन सकेको छैन ।

त्यसैगरी २०४२ असार ५ र ६ गते काठमाडौँमा भएको बमकाण्डमा संलग्न भएको आरोपमा जनकपुरबाट पक्राउ गरी काठमाडौँ लगिएका नेपालीसहित १४ जनामध्ये बेपत्ता सातजनाको अवस्थाबारे लेखेर, बोलेर राज्यलाई जवाफ माग्ने उनको अर्को योजना बाँकी छ । "२०४२ सालमा बेपत्ता मेरा साथीहरु डा लक्ष्मीनारायण झा, सत्यनारायण साह, ईश्वर लामा, पदम लामा, सूर्यनाथ रान यादव, साकेतचन्द्र मिश्र र दिलीप चौधरीलाई साउन ४ गते बेपत्ता पारियो तर अहिलेसम्म खोजिएन, न त उनीहरुको अवस्था बताइयो", नेपालीले दुखेसो पोखे , "भनि त दिनुपर्‍यो नि परिवारलाई !"

वरिष्ठ पत्रकार नेपालीले पत्रकारिताका सन्दर्भमा पनि आफ्नो एउटा सपना अहिले पूरा नभएको सुनाए । "मैले आफ्नो लागि सरकार र पत्रकार सम्बद्ध संस्थाबाट केही माग्दिन तर भारतको पिआइबीजस्तै सरकारी नीति, कार्यक्रम, पहलकदमी र उपलब्धिका विषयमा आमसञ्चार माध्यम तथा पत्रकारलाई सम्पूर्ण जानकारी दिने एउटा साझा संस्था भइदिए हुन्थ्यो भन्ने मेरो सपना थियो । त्यो अहिलेसम्म पूरा भएको छैन ।"

**र, जाँदाजाँदै भने , "बाँचियो भने फेरि बोल्छु, फेरि लेख्छु ।"**
**हामीले पनि उहाँका यिनै कविताका पङ्क्तिहरु सम्झेर बिट मार्‍यौं,**
**दिनहुँ लाखौँ जन्मिने छन्**
**कर्मभूमिको योगी,**
**बन्नै पर्छ एकले यहाँ, अर्काको सहयोगी ।** (विसं २०२५, पुकार कविता सङ्ग्रह) रासस

# मिटरब्याजी माथि कारबाही गर्दै प्रशासन

मधेशदृष्टि
जलेश्वर, २६ पुस ।

गृहमन्त्रीको निर्देशनपश्चात जिल्ला प्रशासन कार्यालय महोत्तरीले मिटरब्याजीउपर धमाधम कारबाही प्रक्रिया




अगाडि बढाएको छ । कार्यालयमा हालसम्म दुई सय ३४ मिटरब्याजीसम्बन्धी उजुरी परेको र प्राप्त उजुरीउपरको कारबाही प्रक्रिया द्रुतगतिका साथ अगाडि बढाइएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताए । उनले मिटरब्याजसम्बन्धी प्राप्त उजुरीसँग सम्बन्धित व्यक्तिलाई त्यस कार्यालयबाट पत्राचार गर्ने, बोलाउने तथा छलफल गराउने तथा छानबिन प्रक्रियाजस्ता काम-कारबाही अगाडि बढाइएको उनले जानकारी दिए ।

उनले कार्यालयबाट ४९ जनालाई पत्राचार गरिसकिएको र चारवटा मुद्दामा सहमति भएको बताए । त्यस्तै प्राप्त उजुरीमध्ये ३६ मुद्दा प्रक्रियामा अदालतमा गइसकेको र पाँच उजुरीको मुद्दा अदालतमा चलिरहेको अवस्थामा रहेको उनले बताए । बाँकी उजुरीउपर कार्यालयले दुवै पक्ष विपक्षलाई बोलाएर धमाधम काम अगाडि बढाइरहेको जनाइएको छ ।

# लोप हुँदै कोदो खेती

जनकपुरधाम, २६ पुस

तीन दशकअघि धनुषाको मुख्य खाद्यान्न बालीमध्ये एक कोदो (मरुवा) खेती अहिले लोप हुने अवस्थामा पुगेको छ । कोदो बालीलाई माडेर झार्ने भएकाले कतिपय स्थानमा मडुवा मात्रै भनेर पनि चिनिन्छ ।व्यावसायिक रूपमा खेती गर्ने किसानको संख्या कमी हुँदै गएपछि परम्परागत मुख्य खाद्यान्न बालीको रूपमा स्थापित कोदो खेती लोप हुने अवस्थामा पुगेको हो ।

तीन दशकअघि धनुषाको प्रायःजसो सबै ग्रामीण भेगका तत्कालीन ढल्केवर, बटेश्वर, सखुवा महेन्द्रनगर, दिगम्बरपुर, धारापानी, लवटोली, गोदार, तुलसी, भरतपुरलगायतका गाविसका अधिकांश किसानले कोदो खेती गर्दथे । तर अहिले कोदो खेती पूरै विस्थापित हुने अवस्थामा पुगेको किसानहरू बताउँछन् । स्वास्थ्यका लागि अत्यन्त उपयोगी मानिने कोदो बाली अहिले धनुषाको सीमित गाउँमा मात्र खेती गरिन्छ । रोटी र ढिँडोका लागि मात्र उत्तम ठानिने भए पनि अहिले स्वस्थ रहनका लागि भन्दै सहरी क्षेत्रका मानिसले यसका परिकार खाने गर्दछन् । तर कोदो खेती गर्ने किसानको संख्या दिनहुँ घट्दै गएको किसानको भनाइ छ ।

"पहिले मुख्य खाना नै कोदाको रोटी, ढिँडो हुन्थ्यो तर अहिले मुख्य खाना भात भएकाले कोदो खेती विस्थापित भएको छ," तत्कालीन ढल्केवर गाविस हाल मिथिला नगरपालिका-६, का दानबहादुर खड्काले भने , "अहिले कोदोको रोटी, ढिँडोभन्दा भात नै खाने चलन नै भयो ।" उनले अहिले घरका लागि आवश्यकपर्ने मात्र आफूले बारीमा कोदो खेती गरेको भन्दै कोदो रोप्ने प्रचलन हटेको बताए ।

भए पनि आकर्षण भने घट्दै गएको छ ।

सहरीकरणसँगै मान्छेमा अल्छिपना बढ्दै गएको छ । क्षीरेश्वरनाथ नगरपालिका-८ दिगम्बरपुरका किसान राजेश महतो गाउँघरमा हेपिएको खाद्यान्न अहिले सहरबजारतिर खोजीखोजी खान थालिएको बताउछन । "पहिला पहिला खेतमा लटरम्म फल्ने कोदो अहिले औषधिका लागि समेत भेट्टाउन मुस्किल भएको छ", उनले भने ।धान, गहुँ र मकै जस्तै कोदोलाई किसानले महत्व नदिएका कारण लोप हुँदै गएको जेटिए ममता बलम्पाकीको कथन छ । बलम्पाकीले उच्च पहाडी भेगमा मुड्के र डल्ले, मध्यपहाडमा डल्ले र झाँप्रे तथा तराईमा झाँप्रे जातको कोदो उत्पादन गर्न सकिने बताउनुभयो । मुड्के जातको कोदो स्वादका हिसाबले अत्यन्त उत्तम मानिन्छ । किसानको आकर्षण घट्दै जाँदा जिल्लामै कोदो खेती लोप हुँदै गएको हो । धनुषाका अधिकांश क्षेत्रमा कोदोको उत्पादन राम्रो भए पनि किसानले हिजोआज खेती गर्न छाडेपछि विस्तारै गाउँघरमा कोदो खेती कम हुँदै गएको हो । किसानले खेती गर्न छाडेपछि अहिले बीउसम्म पाउन मुस्किल हुन थालेको किसना बताउँछन् । केहीले फाट्टफुट्ट कोदो खेती गरेपनि घरायसी प्रायोजनका लागि मात्र गरेको पाइन्छ । पहिले जस्तो बिक्रीका लागि भनेर कोदो खेती गर्न किसानले छाड्दै गएका हुन् ।

बीस वर्ष अघिसम्म पुष्पवलपुरका किसान श्याम गोलेले आफ्ना गाउँका सबै खेतबारीमा कोदो लगाउने गर्थे । कोदोको उत्पादन पनि राम्रै हुन्थ्यो । तर पछिल्ला समयमा उनले कोदोको व्यावसायिक खेती विस्तारै छाड्दै गएका छन ।

"कोदो खेतीमै निर्भर भएर खेती गर्न किसानले



अहिले सहरी क्षेत्रमा यसको अत्याधिक माग भए पनि उत्पादन घट्दै गएको क्षीरेश्वरनाथ नगरपालिका किसान रामदेव यादवले बताए । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ कृषि विकास अधिकृत वीरेन्द्रप्रसाद सिन्हाका अनुसार विस्थापित भएको बालीलाई दुई वर्षदेखि स्थापित गर्ने लक्ष्य राखिएको भए पनि सफल हुनसकेको छैन । कोदोको माग धेरै भए पनि खेती गर्ने किसान नभएपछि माग अनुसार जिल्लामै आपूर्ति गर्न नसकेको उनले बताए । कोदोको महत्वका बारेमा थाहा नहुँदा कोदो खेतीप्रतिको आकर्षण घट्दै गएको हो । कोदोलाई औषधिका रुपमा समेत प्रयोग गरिनुका साथै पोषिलो तत्वका रुपमा समेत लिइन्छ । पहिला वर्षे खेतीको रुपमा लगाइने कोदो अहिले देख्नै मुस्किल भएको मिथिला नगरपालिका पुष्पवलपुरका किसान गङ्गा महतोले बताए ।कोदो अन्य बालीभन्दा लाभदायक छाडिसकेका छन्, हिजोआज बरु बाख्रापालन, तरकारीलगायतका नगदेबाली, फलफूल खेतीतर्फ किसान आकर्षित हुन थालेका छन" उनले भने । पुष्पवलपुर, भरतपुर, दिगम्बरपुरलगायतका गाउँका धेरै किसानले खेतमा कोदो लगाएर राम्रै कमाइ गर्थे तर, अहिले भने धेरैले कोदो लगाउन छाडिसकेका छन् । किसानले विस्तारै कोदो खेती गर्न छाड्दै गएपछि जिल्लामा कोदो अभाव हुँदै गएको हो । परम्परागतरूपमा गरिँदै आएको कोदो खेती जिल्लाका साविक २० बढी गाउँका किसनाको मुख्य खाद्यान्न बाली थियो । औषधिका रूपमा समेत प्रयोग हुने कोदोलाई पोषिलो अन्न मानिन्छ । कोदो अन्य बालीभन्दा स्वस्थकर भए पनि आकर्षण भने घट्दै गएको छ । बढ्दो सहरीकरणको प्रभावले गाउँमा कोदो फल्ने जमिनहरु बाँझिन थालेका छन् । रासस

## मुख्यमन्त्रीका लागि आज ..............................

पार्टीका १, राप्रपाका १ जना, स्वतन्त्र प्रदेश सभाका सदस्य सुणिता कुमारी साह गरेर ६३ जना समर्थन रहेको छ । सत्तारुढ गठबन्धनको गत आइतबार बसेको बैठकले प्रदेश सरकार गठनको बाँडफाँट टुंग्याएको थियो । जसअनुसार मधेस प्रदेशमा जसपा र जनमतले आलोपालो सरकार बनाउने निर्णय गरिएको थियो । मधेस प्रदेशसभा सभामुख एमालेले पाउनेछ ।

## पक्षमा २६८ विपक्षमा..............................

गरे । संविधान राज्यको मूल कानून भएकाले कार्यान्वयन गर्ने कुरामा प्रतिबद्ध रहेको बताए । उनले हिजो संसद विघटन गर्नु ठीक हो कि होइन अहिले बहसको विषय नभएको उल्लेख गरे ।

प्रचण्डले आवश्यक ऐन ल्याएर रेशम चौधरीलाई छुटाउन सरकारले पहल गर्ने बताएका छन् । 'यो कानूनको विषय रहेको भन्दै उनले अदालतमा मुद्दा पनि छ, मैले दोस्रो पटक प्रधानमन्त्री हुँदा रेशमजीलाई भेटेर पनि भनेको थिएँ उहाँ र उहाँ जस्तै साथीहरुलाई छुटाउने प्रतिबद्धता जनाएको थियो ।

उनले भने, 'अब संसदबाटै आवश्यक विधेयक, ऐन ल्याएर रेशमसहित उहाँजस्तै बन्दी रहेकाहरुलाई छुटाउन सरकारले पहल गर्नेछ ।'

## किन ब्रेक लाग्यो राउतको ..............................

दलको नेता छनौट गर्न प्रदेश कमिटीलाई निर्देशन दिए । पार्टीका नेता लालकिशोर साहको नेतृत्वमा गठन भएको उक्त समितिको बैठक आइतबार बसेर सोमबार निर्वाचन प्रक्रियाबाट दलको नेता छान्ने निर्णय गरिएको थियो ।

राउतले अधिकांश सांसद आफ्ना पक्षमा रहेको र रामआशिष यादवले उम्मेदवारी दिएपछि जातिय हिसाबले सरोज यादवको मत काटिने सम्भावना देखेर नै उम्मेदवारी दिने निधो गरेका थिए । तर सोचें जस्तो रामआषिशले उम्मेदवारी नै दिएनन् र आफ्ना प्रस्तावकले नै आफूलाई मत नदिने सुइँको पाएपछि तथा आफ्ना पक्षका सांसद नै यादवको समर्थक बनेपछि उनले उम्मेदवारी फिर्ता लिन बाध्य भएको राउत निकट एक सांसदले बताएका छन ।

राउत निकट एकजना मन्त्रीले उम्मेदवारी दर्तापछिको स्थिति बिग्रेको बताए ।'चुनावमा रामअशिषको उम्मेदवारी नहुनु र यादवको प्रस्तावकमा दास र समर्थकमा खातुन भएपछि समीकरण विरोधमा बनेको आभाष भएको थियो' उनले भने, जित्न नसक्ने चुनाव लड्नुको औचित्य नभएकाले उम्मेदवारी फिर्ता लिएको हो ।


राउतका प्रस्तावकमा रामसिंहासन साह कलवार र समर्थकमा शेख अब्दुल कलाम आजाद (फुलबाबु) रहेका थिए ।यादवको प्रस्तावकमा ललिता देवी दास र समर्थक सहिदा खातुन रहेकी थिइन् । यादवको समर्थक र प्रस्तावकले पनि राउतको चुनाव लड्ने मनोबल खसाएको थियो । मुख्यमन्त्रीको रुपमा राउतको कार्यकाल विवादास्पद र पार्टीको हित विपरीत रहेको आरोप सांसदहरुले लगाउँदै दलको नेता परिवर्तन गर्न पार्टीका राष्ट्रिय अध्यक्षसम्म दबाब बनाएका थिए ।

नेताको चुनाव नगरी १६ जना मध्ये १४ जना सांसदले सर्वसम्मतिबाट नेता छान्ने सम्पूर्ण अधिकार राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई दिएका थिए । मुख्यमन्त्री राउतले अध्यक्ष यादवलाई अधिकार दिने निर्णयमा हस्ताक्षर गरेनन् । बिन्दु यादव उपचारको क्रममा भारतमा रहेकी छन् । जसपाले मुख्यमन्त्री पाउने निश्चित भएपछि त्यसमा राउतको आकर्षण बढेको थियो ।

यादव निर्विरोध निर्वाचित भएपछि मुख्यमन्त्री राउतले सञ्चारकर्मीहरुसितको संक्षिप्त प्रतिक्रियामा सभामुख यादवलाई नेता बनाउने सहमति पहिले नै भएको बताउँदै आफू पार्टी संगठन निर्माणमा सक्रिय हुने बताएका छन् । 'सहमति अनुसार नै दलको नेता चयन भएका हुन्' राउतले भने, अब सरकार चलाउने काम यादवले गर्ने र म संगठन निर्माणमा लाग्ने छु । हाल सम्म दलको नेता चयन गर्ने पार्टीहरु मध्ये नेपाली कांग्रेस बाहेक सबैमा सर्वसम्मति भएको छ । कांग्रेसमा चुनावबाट दलको नेतामा कृष्णा यादव विजयी भए ।

नेकपा एमाले दलको नेतामा सरोज राय र जनमत पार्टीको दलको नेतामा महेश यादव सहमतिबाट चुनिएका हुन् । लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)मा नेता चुन्न घमासन छ । माओवादी केन्द्रमा पनि विवाद र नेकपा एसमा पनि सहमति जुट्न सकेको छैन् ।

# हजयात्रा महामारीअघिको अवस्थामा फर्कंदै



दुबई , २६ पुस
हजयात्रा महामारी अघिको अवस्थामा फर्कने भएको छ। साउदी अरब सरकारले वार्षिक धार्मिक उत्सव हज तीर्थयात्रा कोरोनाभाइरसका कारण लगाएका प्रतिबन्ध क्रमशः हटाएसँगै महामारीपूर्वको अवस्थामा फर्किन लागेको हो।

हज गर्न विश्वभरका मुसलमानहरू एकत्रित हुने पवित्र शहर मक्कामा दिनको पाँचपटक प्रार्थना गर्ने प्रचलनअनुसार आफ्नो जीवनकालमा एकपटक मक्कामा तीर्थयात्रा गर्नेलाई कोभिड कालमाभन्दा यसपटक सहज हुने सरकारी अधिकारीले बताएका छन्।

सन् २०१९ मा २४ लाखभन्दा बढी तीर्थयात्रीले मक्कामा हज गरेका थिए भने कोभिड फैलिएर विश्व नै आक्रान्त भएपछि सन् २०२० मा एक हजार जना आफ्नो देशका नागरिकलाई हजको अनुमति दिइएको थियो। सन् १९१८ को महामारीमा पनि यति थोरै तीर्थयात्रीलाई हजको अनुमति दिइएको थिएन।

शताब्दीअघिको त्यो महामारीमा संसारभरका दशौँ लाखले ज्यान गुमाएका थिए। सन् २०२१ मा ६० हजार साउदी नागरिकले मक्कामा हजको अनुमति पाएका थिएभने गत वर्ष १० तीर्थयात्री त्यहाँ पुगेका थिए।

लालसागरको बन्दरगाह शहर जेद्दामा यो वर्षको हजसम्बन्धी एक सम्मेलनमा सोमबार राति बोल्दै साउदी अरबका हजमन्त्री तौफिक बिन फवजान अलरबियाहले कोभिडसम्बन्धी प्रतिबन्ध हटाउने घोषणा गरे। महामारीको अघिको अवस्थामा झै यो वर्ष जोसुकै हज गर्न आउनसक्ने बताउँदै उनले तीर्थयात्रीको उमेरमा पनि प्रतिबन्ध नलगाइने जानकारी दिए। हजयात्राका निम्ति अनुमति पाएको संसारको जुनसुकै कम्पनीसँग यात्रा व्यवस्थापनको सम्झौता गर्न सरकारले अनुमति दिएको जानकारी पनि उनले दिए। यसअघि साउदी सरकारले १८ देखि ६५ वर्ष उमेर समूहका यात्रीलाई मात्र हजमा सहभागी गराउने तथा सीमित निजी कम्पनीलाई यात्रा प्रबन्धको अनुमति दिएको थियो।

पेट्रोलियम पदार्थको धनी राष्ट्र साउदीमा हज यात्रीबाट भारीमात्रामा राजस्व सङ्कलन हुने गरेको छ भने देशको वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोत बनेको छ हजयात्रा। हज गर्नेस्थललाई साउदी सरकारले प्राथमिकताका साथ संरक्षण गरेको छ। हजयात्राका बेला हुने महामारी र रोगव्याधीको प्रकोप साउदी सरकारका निम्ति सधैँ चिन्ताको विषय बन्ने गरेको छ। औलो, हैजालगायत महामारीबाट हजारौँ हजयात्रीले ज्यान गुमाएका छन्। सन् १८२१ मा २० हजार तथा १८६५ मा १५ हजार तीर्थयात्रीको मृत्यु भएको थियो। इबोला भाइरहस उद्स्थल मानिएका देशबाट हजमा आउन नपाउने नियम पनि साउदीले लागू गरेको थियो भने उसले बिरामी र वृद्धहरूलाई पनि मक्का आउन नपाउने आदेश जारी गरेको थियो। सन् २०१२-१३ मा पनि श्वासप्रश्वाससम्बन्धी सङ्क्रमणको सामना गरेको साउदीले हजका बेला रोग फैलिन नदिन विशेष उपाय अपनाउँदै आएको छ। त्यसबेला मिडल इष्ट रेष्पिरेट्री सिन्ड्रोम (एम्ईआर्एस्)को त्रास फैलिँदा सरकारले सार्वजनिक स्वास्थ्यसम्बन्धी विभिन्न नियम जारी गरेको थियो। आगामी जेठको मध्यतिर हुने यो वर्षको हजमा कोरोनाभाइरससम्बन्धी प्रतिबन्ध हटाइएको घोषणा सरकारीस्तरबाट भए पनि के कस्ता स्वास्थ्य सावधानी अपनाइने छ भन्नेबारेमा हजमन्त्रीले केही जानकारी दिएका छैन।

कोरोनाभाइरसविरुद्ध खोप लगाउन वा परीक्षण गर्नुपर्ने बाध्यत्मक व्यवस्था नभए पनि अन्य रोगविरुद्धका खोप नलागाइ हजमा सहभागी हुन नपाइने कडा कानुन साउदी सरकारले कार्यान्वयन गर्दै आएको छ। (रासस/एपी)

# निजी विषय सञ्चारमा चुहाएको ह्यारीको आरोप



लण्डन, २६ पुस
बेलायतका पूर्वराजकुमार ह्यारीले आफ्नी सौतिनी आमा क्यामिलाले निजी कुरा सञ्चारमाध्यममा चुहाएको आरोप लगाएका छन्। आफ्ना बुबासँग लामो समयको सम्बन्धका कारण बेलायती जनतासँग बिग्रिएको आफ्नो छवि सुधार्न रानी क्यामिलाले आफ्नो प्रतिष्ठा गिराएको आरोप उनले लगाएका छन्।

मङ्गलबारदेखि बजारमा आउन लागेको आफ्नो पुस्तक 'स्पेयर' को प्रचार एवम् प्रवर्द्धनका क्रममा आइटिभी र सिबीएसलाई आइतवार र सोमबार दिएको अन्तर्वार्तामा पूर्वराजकुमार ह्यारीले दरबारभित्रका आफ्ना नितान्त निजी कुराकानी सनसनीपूर्ण खबर छाप्ने पत्रपत्रिकालाई क्यामिलाले उपलब्ध गराएको आरोप लगाएका हुन्।

बेलायतका केही पुस्तक पसल मध्यरातदेखि खुला छन् शाही परिवारका तिक्तता र वैमनस्यबारेका विवरण समेटिएको स्पेयर बेच्न। पुस्तकमा पूर्व राजकुमार ह्यारी र उहाँकी पत्नी मेघनले आफ्नो शाही भूमिका र पद त्यागेर क्यालिफोर्नियामा सर्ने निर्णय गरेका सनसनीपूर्ण खुलासा गरिएको छ।

अन्तर्वार्तामा ह्यारीले आफू र मेघनलाई सौतिनी आमाका कारण सञ्चारमाध्यमले सताएका तथा त्यसले आफ्ना दाजु विलियम र उनकी पत्नी केटसँग सम्बन्ध बिग्रएको बताउँदै सञ्चारमाध्यमले नै आफूहरूलाई सधैँ एकअर्काका विरूद्ध उभ्याएको उल्लेख गरे। मेघन र केटबीचको सम्बन्ध पनि त्यस्तै बनाएको उनको आरोप छ।

अमेरिकी अभिनेत्री मेघन मार्कलसँग विवाह गरेपछि शाही परिवारमा जन्मदै नजन्मेको आफ्नो सन्तान रङ्गभेदको शिकार भएको ह्यारीले बताए। पुस्तकामा उनले आफ्नी आमा डायनाको असामयिक निधन भएकामा गहिरो शोक व्यक्त गरेका छन्।


यसअघि ह्यारीले आफ्ना दाजु विलियमबाट आफूमाथि भौतिक आक्रमण भएको मेघन मार्केलसँगको विवाह र उनी बिरामी परेका बेला उनको उपचारबारे छलफल हुँदा आफूमाथि दाजु विलियमले भौतिक आक्रमण गर्नुभएको खुलासा गरेका थिए।

स्पेयरमा ह्यारीले विश्वलाई धेरै चकित पार्ने आरोप लगाएका छन्। लागूपदार्थ सेवन, पहिलो यौन मुठभेड, अफगानिस्तानमा सैनय सेवा, मान्छे मार्ने सेनाको भूमिकालगायत विषय समेटिएका छन्। केन्सिङटन राजप्रासादको मैदानमा रहेको नटिङ्घम निवासमा आफूहरूबीच सन् २०१९ मा झगडा भएको र आफ्नी पत्नीलाई 'अशिष्ट, कठोर र कुपित' भनेपछि विवाद बढेको बताउँदै उनले आफ्नो 'कलर' समातेर दाज्यूले प्रहार गरेको उल्लेख गरेका छन्।

राजपरिवारको उत्तराधिकारीका रूपमा दाजुले आफूमाथि व्यवहार गरेको आरोप पनि ह्यारीले लगाउनुभएको छ। दाज्यूको आक्रमणबाट आफू कुकुरको कचौरामा बजारिएको, फुटेको कचौराले आफूलाई काटेको संस्मरणमा ह्यारीले लेख्नुभएको छ। आफू घाइेत भएपछि दाजुले क्षमा याचना गरेको पनि उनले लेखेका छन्।

सन् २०१२ मा अफगानिस्तानमा तालिबानविरुद्ध बेलायतको सैन्य अभियानमा आफूले अपाचे हेलिकप्टरको सहचालकका साथै एक फौजीका रूपमा काम गर्दा २५ जनालाई मारेको, कौमार्य भङ्ग भएकोलगायत प्रसङ्गमा पनि संस्मरणमा समावेश छ। (रासस/एपी)

# अमेरिकी राष्ट्रपतिद्वारा ब्राजिलका समकक्षीलाई भ्रमणको आमन्त्रण



वासिङटन, २६ पुस
अमेरिकी राष्ट्रपति जो बाइडेनले ब्राजिलका राष्ट्रपतिलाई अमेरिका भ्रमणको निमन्त्रणा दिनुभएको छ।अमेरिकी राष्ट्रपति बाइडेनले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भालाई आगामी फेब्रुअरी महिनाको शुरुमा अमेरिकाको भ्रमणमा आउन आमन्त्रण गर्नुभएको समाचारमा जनाइएको छ।

उहाँहरुका बीचमा सोमबार फोनवार्ता भएको थियो। त्यस वार्ताका क्रममा उनले आफ्ना ब्राजिलियन समकक्षीलाई आमन्त्रण गरेको जारी विज्ञप्तिमा जनाइएको छ।

अमेरिकी राष्ट्रपति बाइडेनको सो आमन्त्रणलाई आफूले स्वीकार गरेको र यस भ्रमणबाट दुई देशका बीचमा आवश्यक समझदारी निर्माण गर्न र आपसी सहकार्यलाई अघि बढाउन ठूलो सहयोग पुग्ने पनि ब्राजिलका राष्ट्रपति लुलाले बताएको सो विज्ञप्तिमा जनाइएको छ।

उता ब्राजिलमा राष्ट्रपतिको निर्वाचनका विषयलाई लिएर हिंसात्मक आक्रमणहरु भएका बताइएको छ।ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले यहाँको राष्ट्रपतीय निर्वाचनको परिणाम घोषणा भएपछि आइतबार राति व्यापक मात्रामा तोडफोड गरेका थिए।

उनीहरुले यहाँको संसद भवन, ब्राजिलका राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालतलगायतका स्थानमा आक्रमण गरेका थिए। उनीहरुले संसदभवनभित्रै प्रवेश गरेर त्यहाँका भौतिक संरचनामा पनि तोडफोड गरेका थिए।

सो तोडफोड र सरकारी कार्यालयमा भएको आक्रमणको विरोध गरिएको छ। साथै सो आक्रमणको घटनाको अनुसन्धान गर्ने क्रममा प्रहरीले एक हजारजना भन्दा पनि बढीलाई पक्राउ गरेको बताएको छ।

प्रहरीले सो आक्रमण र हिंसामा सहभागी भएका व्यक्तिहरुलाई सिसी टिभीबाट पहिचान गरेर पक्राउ गर्ने क्रम जारी नै राखेको छ भने उता प्रदर्शनकारीहरुले विरोध जुलुश निकालिरहेका छन्। यता राष्ट्रपतीय निर्वाचनको विरोधमा हिंसा जारी रहेका बेला यता अमेरिकी राष्ट्रपतिले आफ्ना ब्राजिलियन समकक्षीलाई अमेरिका भ्रमणको निम्ता दिनुभएको बताइएको हो। (रासस/सिन्ह्वा)

# दक्षिण कोरियालीलाई प्रवेशाज्ञा निलम्बन

बेइजिङ, २६ पुस
चीनले कोरोनाभाइरसको प्रतिकारमा दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन गरेको छ। दक्षिणकोरिया भ्रमण गर्ने चिनियाँ यात्रीलाई सोलले कोरोना-१९ परीक्षण नकारात्मक हुनुपर्ने नियम लगाएपछि बदलामा चीनले पनि दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन गरेको हो।

सोलस्थित चिनियाँ दूतावासले अनलाइन पोस्ट गरेको सङ्क्षिप्त सूचनाअनुसार दक्षिणकोरियाली नागरिकलाई पर्यटन वा व्यापारको लागि चीन जानेप्रवेशाज्ञानिलम्बनगरिएको छ।सोलले चिनियाँ नागरिकमाथिको भेदभावपूर्ण व्यवहार नहटाएसम्म कोरियालीमाथिको प्रतिबन्ध लागू रहनेछ।

चीनबाट कोरिया जानचाहने यात्रीले बितेका ४८ घण्टामा कोरोना सङ्क्रमण नभएको प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेपछि चीनले संसारका सबै देशसँगै त्यसैअनुरुप व्यवहार गर्ने बताएको छ। विश्व स्वास्थ्य सङ्गठनले चीनमा कोभिड-१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्याङ्क नदिएको आरोप बेइजिङमाथि लगाएको छ भने पछिल्लो समय अमेरिकालगायत दर्जनौँ देशले चीनबाट आफ्नो भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना सङ्क्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेश गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ। महामारीका बीच चीनले गत महिना अचानक कोभिड-१९ नियन्त्रणसम्बन्धी उपाय हटाएपछि विश्वसमुदाय सशङ्कित भएको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी धेरै नागरिकको ज्यान गएको जनाएका थिए। केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख शहरहरूमा विरोध प्रदर्शन भएका थिए। कलकारखाना बन्द गर्ने घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण उत्रिएका थिए। (रासस /एपी)




# दङ्गामा सहभागी १ हजार २ सयजना पक्राउ



ब्रसिलिया, पुस २६
ब्राजिलमा राष्ट्रपतिको निर्वाचनका विषयलाई लिएर भएको विवादमा सहभागी भएको आशंकामा यहाँको प्रहरीले कम्तीमा पनि एक हजार दुई सय जनालाई पक्राउ गरेको जनाएको छ।

ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले यहाँको राष्ट्रपतीय निर्वाचनको परिणाम घोषणा भएपछि सोमबार व्यापक मात्रामा तोडफोड गरेका थिए। उनीहरुले यहाँको संसद भवन, ब्राजिलका राष्ट्रपतिको कार्यालयमा पनि आक्रमण गरेका थिए। उनीहरुले संसद भवनभित्रै प्रवेश गरेर त्यहाँका भौतिक संरचनामा पनि तोडफोड गरेका थिए।

प्रहरीले आइतबार रातिको सो घटनाको अनुसन्धान गर्ने क्रममा राति नै करिब तीन सय जनालाई पक्राउ गरेको थियो।

त्यस लगत्तै प्रहरी परिचालन गरिएको थियो। त्यस क्रममा प्रहरीले सो आक्रमण र हिंसामा सहभागी भएका व्यक्तिहरुलाई सिसी टिभीबाट पहिचान गरेर पक्राउ गर्ने काम थालेको थियो।

यहाँको राष्ट्रपतिका रुपमा लुइज इनासियो लुला दा सिल्भा शक्तिमा आएपछि उनको विरोधमा पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले सो विरोध गरेका हुन्। उनीहरुले राष्ट्रपतीय निर्वाचनको विरोध गरेका थिए। उनीहरुले राजधानी सहरमा रहेको सर्वोच्च अदालतको भवनमा पनि आगजनी गरेका थिए।

त्यसपछि यहाँका प्रधानन्यायाधीशले उनीहरुलाई पक्राउ गरेर कारबाही गर्न प्रहरी प्रशासनका नाममा आदेश पनि दिएका थिए।

यही जनवरी १ मा ब्राजिलका राष्ट्रपतिको शपथ लिनुभएका लुलाले हिंसामा सहभागी भएका सबैलाई कानुन अनुसार कारबाही हुने जानकारी दिएका छन। ( रासस/सिन्ह्वा)

# राष्ट्रिय महिला तथा पुरुष भलिबल : न्यू डायमन्ड विजयी

काठमाडौँ, २६ पुस
राजधानीमा जारी सातौँ संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनशिप अन्तर्गत महिलातर्फको खेलमा साबिक विजेता न्यू डायमन्ड स्पोर्ट्स क्लब सेमिफाइनलमा प्रवेश गरेको छ। त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा मंगलवार भएको खेलमा न्यू डायमण्डले एभरेष्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा हराउँदै सेमिफाइनलमा स्थान पक्का गरेको हो।

न्यू डायमन्डले एभरेष्टलाई पहिलो सेटमा २५-७ ले पराजित गऱ्यो भने दोस्रो सेट २५-१० ले पाखा लगायो। त्यस्तै तेस्रो सेट २५-१२ ले हरायो। जितसँगै समूह 'ए' बाट न्यू डायमन्डले दुई खेलमा छ अङ्क जोडेको छ। यस समूहबाट नेपाल पुलिस क्लब पनि सेमिफाइनलमा पुगेको छ। पुलिसको पनि समान छ अङ्क नै रहेको छ।

च्याम्पियनशिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन्।

च्याम्पियनशिपको महिला र पुरुषतर्फको विजेता टोलीले रु चार लाख पाउनेछ भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछ। त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख पाउनेछ। रासस

# फ्रान्स फुटबलका अध्यक्षले मागे माफी

पेरिस,पुस २६
फ्रान्सका महान् खेलाडी जिनेदिन जिदानमाथिआपत्तिजनकटिप्पणी गरेकोमा फ्रान्स फुटबल फेडरेसनका अध्यक्ष नोएल ले ग्राएटले माफी मागेका छन्। फ्रेन्च रेडियोसँग कुराकानी गर्दै ८१ वर्षीय ग्राएटले फ्रेन्च राष्ट्रिय टोलीको नेतृत्व सम्हाल्न जिदानले फोन गरे पनि नउठाउने बताएका थिए।

यसबारे चौतर्फी आलोचना भएपछि उनले माफी माग्दै सो टिप्पणीले आफ्नो भावनालाई प्रतिनिधित्व नगर्ने बताएका हुन्। फ्रान्सका म्यानेजर डिडिएर डेसच्याम्प्सले शनिबार सन् २०२६ सम्मका लागि आफ्नो करार नवीकरण गरेका थिए।

'म मैले गरेको टिप्पणीका लागि माफी माग्न चाहन्छु, यसले उनी कस्तो खेलाडी थिए र अहिले कस्तो प्रशिक्षक बनेकाछन्भन्नेमेरोप्रतिभावनालाई प्रतिनिधित्व गर्दैन,' उनले भनेका छन्, 'फ्रान्सका दुई महान् डिडिएर र जिदानलाई भिडाएर विवाद सिर्जना गर्न खोज्ने आरएमसी रेडियोलाई मैले अन्तरवार्ता नै दिनुहुँदैन थियो। मैले केही आपत्तिजनक टिप्पणी गरेको स्वीकार गर्छु जसले केही अन्योल सिर्जना गऱ्यो।'

जिदानले सन् १९९८ मा डेस्च्याम्प्ससँगै विश्वकपको उपाधि जितेका थिए। म्यानेजरका रूपमा उनले रियल मड्रिडसँग दुई ला लिगा रलगातार तीनवटा च्याम्पियन्स लिगको उपाधि जितेका थिए।

# डस्टीकार्गो ह्यान्डलिङ सेवा सुरु



मधेशदृष्टि
वीरगंज, २६ पुस।
पर्साको वीरगंज स्थित सिर्सिया सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकीबाट डस्टीकार्गो ह्यान्डलिङ सेवा सुरु भएको छ।
डस्टीकार्गो ह्यान्डलिङ सेवा सुरु भएसँगै वीरगंज रक्सौल सिमानाका तथा बजारमा डस्टीकार्गोको आयातको क्रममा हुने स्थानियले खेप्नु परेको धुलो धुवा र फोहोरको समस्या समाधान भएको छ।
नेपाल इन्टर मोडल यातायात विकास समितिकाअनुसार नेपाल भित्रिने धुलोयुक्त कार्गोका लागि वीरगञ्ज सुक्खा बन्दरगाह भित्र ट्रेनको ट्र्याक स्थानान्तरण गरी डस्टीकार्गो ह्यान्डलिङ सेवाका लागि संरचना तयार पारिएपछि कार्गो सेवा सुरु भएको हो।
नेपाल इन्टर मोडल यातायात विकास समितिले आइतबारदेखि भारतको रक्सौलदेखि नेपालको वीरगञ्ज, पुरानो भन्सार हुँदै साथै वीरगञ्ज एकीकृत जाँच चौकीमा डस्टीकार्गो बोकेका ट्रकहरुको आवागमन समेत शुरु गरि सकेको छ । आइतबार, सोमबार गरी झण्डै ६० भन्दा बढी डस्टीकार्गो ट्रकहरु नेपाल भित्रिएका छन। यसअघि नेपाल आउने डस्टीकार्गो रक्सौल ह्यान्डलिङ भएर नेपाल आउने गरेकोमा अब रेलबाट सिधै वीरगञ्ज स्थित सुक्खा बन्दरगाहमा आएर ह्यान्डलिङ हुनेछ। यसका लागि ट्रेनको ट्र्याक निर्माण गरिएको सुख्खाबन्दरगाह भन्सार कार्यालयले जनाएको छ । विगतमा डस्टीकार्गो भारतको रक्सौलमा ह्यान्डलिङ भएर ट्रकमार्फत नेपाल आउने गरेको थियो । अब सिधै बीरगंजको सुख्खा बन्दरगाह आई पुगेको डस्टी कार्गोलाई बन्दरगाह भित्रैबाट ह्यान्डलिङ गरी ट्रक मार्फत बीरगंज पथलैया औद्योगिक क्षेत्र तथा अन्य तोकिएको स्थानमा पुर्‍याईने हुँदा यसबाट नेपालमा रोजगारी बढ्ने र व्यवसायीहरुको लागत खर्च पनि कम पर्ने देखिएको छ । रक्सौलबाट अनलोडिङ्ग हुदै आएको डस्टीकार्गोको आयात रोक्न विगतमा सिमा क्षेत्रका भारतीय नागरिकले आन्दोलन समेत गरेका थिए।

# होटलमा यौनजन्य गतिविधि गरेको आरोपमा मुद्दा दर्ता


मधेशदृष्टि
वीरगंज,२६ पुस।
होटलमा यौनजन्य गतिविधि संचालन गरेको आरोपमा पर्सा प्रहरीले बीरगंजको लिंक रोड स्थित एक होटलका संचालक र ग्राहकलाई मनाव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता गरी कारवाही शुरु गरेको छ।
वीरगज लिक रोडमा रहेको रानीपोखरी होटलमा अवैध गतिबिधी भईरहेको सुचनाको आधारमा पर्सा प्रहरीले छापामारी गर्दा एक महिलासहित ३ जना पुरुषलाई पर्सा प्रहरीले आईतबार राती पक्राउ गरेको थियो।
पक्राउ पर्नेमा होटेलका मैनेजर अनिलकुमार, कर्मचारी रमेशकुमार श्रेष्ठ तथा ग्राहक डोलनाथ कटेल रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरिक्षक एवं डिएसपी दिपक गिरीले बताएका छन्।
आईतबार राती होटल संचालकले बारा निवासी एक महिलालाई बोलाई ग्राहकको जिम्मा लगाएका थिए।
सोको जानकारी प्रहरीले पाएसँगै होटलमा छापामारी महिलासहित ३ जना पुरुष लाई नियन्त्रणमा लिएको गिरीले बताए।
प्रहरी नियन्त्रणमा परेकी महिलाको श्रीमान लागुऔषध मुद्यामा वीरगज कारागारमा कैदी जिवन बिताई रहेका छन।
होटलका संचालकले महिलालाई करकापमा पारि श्रीमानलाई कारागार मुक्त गराई दिने तथा आर्थीक प्रलोभन देखाई रातीको समयमा ग्राहकको जिम्मा लगाएको बयान दिएपछि ३ जनामाथी मानव बेचबिखन तथा ओसारपसारको मुद्या दर्ता गरेको पर्सा प्रहरीले जनाएको छ।

# ग्लोबल लेदरले सिर्सिया नदीमा प्रदुषित पानी मिसाउदै



मधेशदृष्टि
वीरगञ्ज, २६ पुस । सिर्सिया नदी प्रदुषणमुक्त गराउने अभियान अन्तरगत मंगलवार वीरगंज महानगरपालिकाले गरेको अनुगमनको क्रममा वीरगंज पथलैया करिडोरका ग्लोबल लेदर प्रा.लि.ले सिर्सिया नदीमा प्रदुषित पानी मिसाउने गरेको भेटिएको छ।
वीरगंज महानगरपालिकाले सिर्सिया नदी प्रदुषणमुक्त गराउन शुरु गरेको अन्तरगत वीरगञ्ज महानगरपालिका वडा नम्वर २२ मा रहेको ग्लोबल लेदर प्रा.लि., वडा नम्वर ३२ को अन्नपूर्ण स्टिल उद्योग र सोही ठाउँको फर्चुन स्टिल इम्पेक्सको टोलीले अनुगमन गरिएको थियो।
अनुगमन गरिएका तीन वटा उद्योगमध्ये ग्लोबल लेदर नदी प्रदुषण गराउन जिम्मेवार रहेको पाइएको छ। यो उद्योगले पानी प्रशोधन नै नगरी केमिकल युक्त दुर्गन्धित पानीसहितको फोहोर सोझै नदीमा मिसाउने गरेको भेटिएको छ।
उद्योग स्थापना गर्दा नै पानी प्रशोधन केन्द्र निर्माण गर्नु पर्ने भए पनि उद्योगले अटेर गर्दै प्रशोधन केन्द्र नै नबनाई दुर्गन्धित पानी सोझै नदीमा मिसाइरहेको भेटिएको अनुगमनमा गएका वीरगञ्ज महानगरका वातावरण निरीक्षक प्रदिप साहले जानकारी दिए।
अनुगमन टोलीले उद्योगलाई तत्काल प्रशोधन केन्द्र बनाउन र फोहोर पानी नदीमा नफाल्न चेतावनी दिएको छ । यस्तै मंगलवार नै अनुगमन भएका दुबै स्टिल उद्योगले भने फोहोर पानी नदीमा नफालेको भेटिएको पनि वातावरण निरीक्षक साह जानकारी दिए।
गत कात्तिक २३ गते वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा स्थानीय प्रशासन, उद्योगी तथा सुरक्षाकर्मी सम्मिलित सिर्सिया नदी प्रदुषण नियन्त्रण समिति गठन गरेसँगै समितिले हरेक साताको मंगलबार नदी क्षेत्रमा रहेका उद्योगहरुको अनुगमन गर्दै आएको छ । वीरगञ्ज महानगरपालिका र जितपुर सिमरा उपमहानगरपालिकाको गत आइतबार मात्रै बसेको संयुक्त बैठकले तीन साताको अनुगमनका क्रममा सिर्सिया नदी प्रदुषणमा जिम्मेवार रहेका तीन वटा उद्योगलाई कारबाहीस्वरुप स्पष्टिकरण सोध्ने निर्णय गरेको छ।
समितिले मरियम लेदर, मारुती पेपर र दुर्गा पल्प एण्ड पेपरलाई स्पष्टिकरण सोध्ने निर्णय गरेको वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले बताउनु भयो । अनुगमनमा वीरगञ्ज महानगरपालिका वन तथा वातावरण महाशाखा प्रमुख देवेन्द्र चौधरी, वातावरण निरीक्षक प्रदिप साह, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दावा तेन्जी शेर्पा, महानगर प्रहरी प्रमुख हरि भुषाल लगायतको सहभागिता रहेको थियो।

# जथाभावी फोहोर फाल्ने ४ संस्थालाई कारवाही




मधेशदृष्टि
वीरगंज २६ पुस । सडकमा जथाभावी फोहोर फाल्ने वीरगञ्जको आदर्शनगर स्थित ग्लोबल आई.एम.ई.बैक लगायतका ४ वटा संस्थालाई मंगलवार जरिबाना गरिएको छ।
वीरगञ्जलाई सफा, सुन्दर बनाउनका लागि जथाभावी फोहोर फाल्नेलाई कारबाही अभियान अघि बढाएको महानगरको आदर्शनगर स्थित ग्लोबल आई.एम.ई.बैंकलाई ५ हजार, कृषि विकास बैंकलाई १ हजार, शिखर इन्स्योरेन्सलाई १ हजार ५, महालक्ष्मी कलकता फ्लावर्स र आदर्शनगरका व्यापारी शंकर साहलाई ५/५ सय रुपैयाँ जरिबाना गरेको महानगरका सरसफाई प्रमुख सरफुद्धिन मियाँले जानकारी दिएका छन्।
पहिले सचेत गराउँदै आएपनि फोहोर जथाभावी फाल्न नछाडेपछि जरिवाना स्वरुप कारबाही प्रक्रिया अगाडी बढाईएको हो । महानगरले नगर हरियाली र सफा बनाई राख्न अहिले सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने अभियान चलाईरहेको छ।
वीरगञ्जलाई सफा, स्वच्छ र हराभरा बनाउन सबैको सहभागितामा मात्रै संभव रहेकाले यसलाई अटेर गर्दै फोहोर गर्नेलाई कारबाही गरिने महानगरले चेतावनी दिएको छ। सडकमा जथाभावी फोहोर गरेको भेटिए जो कोहीलाई पनि कारबाही गरिने गरी संयन्त्र परिचालन गरिएको स्वच्छ सफा हराभरा वीरगंजका संयोजक जय प्रकाश खेतानले बताए।

# रेडक्रसद्वारा पोखरियामा कम्बल वितरण



मधेशदृष्टि
वीरगंज, २६ पुस। नेपाल रेडक्रस सोसाइटी पोखरिया उपशाखा परसाले मंगलवार पोखरिया नगरपालिकामा कम्बल वितरण गरेका छन् । नगरपालिकाको वडा नम्बर १ देखी १० सम्म रहेका अति बिपन, एकल महिला, दलित, अपंग, साधु संतहरुलाई एक कार्यक्रमका बीच कम्बल वितरण गरेका हुन् । उपशाखा पोखरियाको सभापति भगवान प्रसाद कुर्मीको सभापतित्व सम्पन्न सो कम्बल वितरण कार्यक्रमा प्रमुख अतिथि पोखरिया नगरपालिकाका नगर प्रमुख प्रद्युमन प्रसाद चौहान, वडा अध्यक्ष प्रमोद गिरी, केदार महतो चाई, रामप्रवेश प्रसाद चौहान ,महेंद्र महतो चाई र प्रमानंद प्रसाद पटेलको सहभागिता रहेको थियो।
नौशाद आलम, कार्यपालिक सदस्य राधासाह कानू, रेडक्रस उपशाखा पोखरियाका कोषाध्यक्ष विनोद गिरी, समाज सेवी बिंदाचल ठाकुर,गोवर्धन यादव, शस्त्र प्रहरी सुरक्षा बेश कैम्प पोखरियाका प्रहरी निरीक्षक हरिकृष्ण खड़का, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक आयुष जोशी, लगायतका व्यक्तिहरुको पनि सहभागिता रहेको थियो।

# दुई फरार अभियुक्त पक्राउ

मधेशदृष्टि
वीरगंज, २६ पुस । पर्साको पटेर्वा सुगौली गाउँपालिकाबाट चोरी तथा डाँका मुद्दाका फरार दुई जना अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। पटेर्वासुगौली गाउँपालिका वडा न.१ बस्ने ६० वर्षिय शिव महतो थारु, र ५५ वर्षीय रामयाद महतो थारुलाई ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक किशोर आचार्य नेतृत्वको प्रहरीटोलीले विशेष सूचनाको अधारमा हिजो बेलुका उनीहरु घरबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एंव डिएसपी दिपक गिरीले बताएका छन् । पक्राउ परेकाहरु २०६० सालमा रामभौडी भाठा गाउँमा चोरी अर्थात् डाका गरि फरार रहदै आएको थिए उनीहरुलाई ६ वर्ष जेल सजाय र ३५ हजार ५ पाच सय जरिवाना गर्ने फैसला पर्सा जिल्ला अदालतले गरेको थियो । अभियुक्तहरुलाई आज अदालतमा उपस्थित गरेपछि वीरगंज कारागार चलान गरिएको पर्सा प्रहरीले जनाएको छ।

# निशुल्क आँखा शिविर

मधेशदृष्टि, वीरगंज, २६ पुस । ज्योति भिजन फाउण्डेशनद्वारा मंगलवार बाराको कलैयामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ। स्थानिय जनप्रतिनिधि तथा समाजसेवी शंकर प्रसाद गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेत्र रोग विशेषज्ञ डा.कृपानन्द दासको टोलीले २ सय २२ जनाको निःशुल्क आँखा परिक्षण गर्नुका साथै औषधी समेत वितरण गरेको थियो।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल